म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १४० मंगलबार, १६ पुस २०८१ ने. सं. ११४५ थिलागा 31 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमतीमा २ हजार ९३७ रोपनीमा लगाइएको गाँजा फँडानी

हेटौंडा, १५ पुस/बागमती प्रदेशमा चालू आर्थिक वर्ष २०८१/८२ को पाँच महिनाभित्र २ हजार ९३७ रोपनीमा लगाइएको प्रतिबन्धित लागूऔषध गाँजा फँडानी गरिएको छ । सबैभन्दा बढी बागमती प्रदेशमा गाँजा फँडानी भएको छ । पाँच महिनाको अवधिमा प्रहरीले देशभर करिब ६ हजार रोपनी क्षेत्रफलमा लगाएको गाँजा फँडानी गरेको थियो । प्रहरी प्रधान कार्यालयकाअनुसार चालु आर्थिक वर्षदेखि मंसिर मसान्तसम्मको अवधिमा ५ हजार ८१५ रोपनी क्षेत्रफलमा लगाइएको गाँजा फँडानी गरिएको हो । नेपालमा गाँजाको खेती गर्न तथा बेचबिखन गर्न पाइँदैन । साउनदेखि मंसिर मसान्तसम्मको अवधिमा बागमती प्रदेशमा २ हजार ९३७ रोपनी, गण्डकी प्रदेशमा ३४५ रोपनी, काठमाडौं उपत्यकामा १२० रोपनी, सुदूरपश्चिम प्रदेशमा १७२ रोपनी, कर्णाली प्रदेशमा ५ रोपनी, लुम्बीनी प्रदेशमा १६९ रोपनी, मधेश प्रदेशमा २५३ रोपनी, कोसी प्रदेशमा १ हजार ८१४ रोपनी गाँजा फँडानी गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

असोजको बाढीपहिरो क्षति

# मकवानपुरको एक अर्ब मागदाबीमा १० करोड मात्रै भुक्तानी

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/गत असोजको १० देखि १२ गतेसम्म परेको भिषण वर्षाका कारण आएको बाढीपहिरोले पुऱ्याएको क्षतिको बीमा मागदाबीमा मकवानपुरले १० करोड मात्रै पाएको छ ।

क्षतिको कुल १ अर्ब बढी मागदाबी भएकोमा १० करोड ३१ लाख रुपैयाँ मात्रै भुक्तानी भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणले जनाएको छ । प्राधिकरणकाअनुसार बाढी-पहिरोका कारण भएको क्षतिबाट निर्जीवन बीमातर्फ देशभरिबाट करिब १३ अर्ब रुपैयाँ बराबर बीमा मागदाबी परेको थियो । जसमध्ये मकवानपुरबाट १ अर्ब १६ करोड ६२ लाख रुपैयाँ मागदाबी भएको थियो ।

संख्यागतरुपमा मकवानपुरबाट ३५ वटा मागदाबी भएकोमा ११ वटाको मात्रै भुक्तानी भएको हो । थोरै रकमको मात्रै मागदाबी भुक्तानी भएको अनुमान छ । असोजको बाढी-पहिरोले मुलुकको अर्थतन्त्रमा साढे ४६ अर्ब रुपैयाँ बराबर आर्थिक क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणको प्रारम्भिक तथ्यांक छ । ३६७६ दाबीमार्फत १२ अर्ब



८८ करोड ९३ लाख ६१ हजारको मागदाबी प्राप्त भएको छ ।

जसमध्ये ११ पुससम्म १ हजार ७ सय २० मागदाबीको १ अर्ब ५२ करोड १८ लाख ९ हजार बराबर दाबी भुक्तानी भएको हो । प्रदेशगत हेर्दा बागमती प्रदेशमा ठूलो क्षति पुगेको बीमा मागदाबी तथ्यांकले देखाउँछ । करिब १३ अर्ब रुपैयाँको मागदाबी परेकोमा बागमतीमा मात्रै ११ अर्ब २७ करोड ५५ लाख बराबर छ । बागमतीमा ३२०९ मागदाबी परेकोमा १५०५ मागदाबीको १ अर्ब ३९ करोड ८० लाख भुक्तानी भइसकेको छ ।

बागमतीका १३ जिल्लामध्ये सबैभन्दा धेरै क्षति काठमाडौंमा भएको छ । त्यसपछि ललितपुर र मकवानपुरमा भएको तथ्यांक छ । बागमती प्रदेशकै भक्तपुर र काभ्रेपलाञ्चोकमा पनि मागदाबी उच्च देखिएको छ । उपत्यका बाहिरका काभ्रेपलाञ्चोकलगायत जिल्लाका ग्रामीण क्षेत्रमा बढी क्षति भए पनि बीमा न्यून भएका कारण मागदाबी कम देखिएको बीमा कम्पनीहरुले जनाएका छन् ।

काठमाडौं उपत्यकामा सहरी क्षेत्रमा नै क्षति भएका कारण काठमाडौं, ललितपुर र भक्तपुरमा उच्च मागदाबी देखिएको छ । मकवानपुरमा हाइड्रोपावरमा समेत क्षति पुग्दा त्यसले मागदाबी उच्च देखिएको हो ।

भीमफेदी गाउँपालिकामा रहेको माण्डु हाइड्रोपावरमा बाढीले क्षति पुऱ्याएको थियो । मकवानपुर पछि कोशी प्रदेशको पाँचथरमा पनि हाइड्रोपावरमा क्षति पुग्दा मागदाबी उच्च देखिएको छ । कोशीमा १ अर्ब २० करोडको मागदाबी रहेको छ । कोशीमा ९ करोड ८२ लाख रुपैयाँ दाबी भुक्तानी भएको प्राधिकरणको तथ्यांक छ ।

प्रारम्भिक मागदाबी पेस गर्दा उच्च रकम देखिए पनि बीमा सर्भेयरले क्षतिको यकिन विवरण तयार गर्दा मागदाबी भन्दा धेरै न्यून हुने गरेको छ । करिब १३ अर्बको मागदाबी भए पनि बीमा सर्भेयरले गएर क्षतिको यकिन विवरण दिँदा त्यसको एक चौथाइ पनि नदेखिने गरेको बीमा कम्पनीहरुको दाबी छ । सोही कारण मागदाबी र दाबी भुक्तानी भएको रकममा ठूलो अन्तर देखिने गरेको उनीहरुको तर्क छ ।

यसपालि बीमा कम्पनीले दाबी भुक्तानीका लागि आवश्यक कागजातमा सहजीकरण गर्दा समेत मागदाबी गर्नेले आवश्यक कागजात पेस गर्न ढिलाइ गर्दा दाबी भुक्तानी ढिलो भएको उनीहरु बताउँछन् । यद्यपि, बीमा कम्पनीले दाबी भुक्तानीलाई प्राथमिकतामा राखेको उनीहरुको तर्क छ । यसपालि साना-साना क्षतिको विवरण पनि धेरै आएकाले सानो रकमको मागदाबी गर्नेले कागजात जुटाउन समय लगाउँदा दाबी भुक्तानीमा समय लागेको जनाइएको छ ।

# 'गुणस्तरीय शिक्षाका लागि शिक्षकको भूमिका महत्वपूर्ण'



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ बागमती प्रदेश सरकारका प्रमुख सचिव डा. हरिप्रसाद लम्सालले शैक्षिक समस्या समाधान र गुणस्तरीय शिक्षाका लागि शिक्षकको भूमिका महत्वपूर्ण हुने बताएका छन् ।

बकैया गाउँपालिकाले सोमबार हात्तीसुँढेमा आयोजना गरेको छलफल कार्यक्रममा उनले अभाव र समस्याका बीच हामीले र म्रो गर्न सक्नुमा नै हाम्रो सामर्थ्य देखिने बताउँदै राम्रो काम गर्ने शिक्षक, विद्यालय र विद्यार्थीलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिए । प्रमुखसचिव लम्सालले समाजलाई बदल्न चाहने शिक्षकले पहिले परिवर्तनको सुरुवात आफैंबाट गर्नुपर्ने बताउँदै गुणस्तरीय शिक्षाका लागि सीमित साधनका बीच शिक्षकले जवाफदेही भएर काम गर्नुपर्ने बताए ।

गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले विद्यालयले सीमित स्रोत र साधनका बीच गुणस्तरीय शिक्षा दिनु चुनौती बनेको बताउँदै गाउँपालिकाले शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकता दिएर काम गर्दै आएको बताएका छन् । प्रदेशको शिक्षा विकास निर्देशनालयका महानिर्देशक खुबिराम अधिकारीले प्रदेश सरकार शैक्षिक गुणस्तर वृद्धिका लागि प्रतिबद्ध रहेको बताउँदै शिक्षक र विद्यालयको क्षमता विकासमा सहयोग गर्दै आएको बताए ।

गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले पालिकाको शैक्षिक अवस्थाका बारेमा जानकारी गराउँदै पालिकामा शैक्षिक सुधारका शिक्षक बैंक, शिक्षकलाई तालिमलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको बताए । कार्यक्रम बकैयाको सेतीदेवी आवका प्रअ गोमा रानाभाट, बाघभैरव माविको प्रअ रमेश लामा, महेन्द्र माविका प्रअ दीपा सिग्देल, जनक माविका प्रदीप भोम्जनलगायतले शैक्षिक क्षेत्रमा देखिएका नीतिगत, आर्थिकलगायतका समस्या र समाधानका उपायका बारेमा धारणा राखेका थिए ।

कार्यक्रममा प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव विनोदकुमार भट्टराइ, प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव डा. केदार बराल, वन मन्त्रालयका महाशाखा प्रमुख शिव सापकोटा, मुख्यमन्त्री कार्यालयका आर्थिक प्रशासन शाखा अधिकृत श्रीराम पुडासैनी, गाउँपालिकाका विभिन्न शाखाप्रमुखलगायतको उपस्थिति रहेको थियो ।

# मनहरीको राष्ट्रपति रनिङशिल्ड राष्ट्रिय माविले जित्यो



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ मनहरीमा भएको पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिताको उपाधि राष्ट्रिय माध्यमिक विद्यालय मनहरी-६ सुनाचुरीले जितेको छ ।

९ वटा स्वर्णपदक जित्दै राष्ट्रिय मावि सुनाचुरीले रनिङ शिल्ड उचालेको हो । गतवर्ष रनिङ शिल्डमा कब्जा जमाएको मनहरी गाउँपालिका-१ स्थित बालजीवनज्योति माविले दोस्रोपटक शिल्ड कब्जा गर्नबाट चुकेको छ । बालजीवनले ६ स्वर्णपदक जितेर उपविजेतामा चित्त बुझायो । युवावर्षगंगा आधारभूत विद्यालयले ५ स्वर्णसहित तेस्रो स्थान हासिल गरेको छ ।

सोमबार भएको छात्र तर्फको भलिबल फाइनल खेलमा भोजसिद्ध मावि मनहरी-५ लाई पशुपतिनाथ मावि मनहरी-४ ले पराजित गरेको थियो । छात्रातर्फको फाइनल खेलमा महेन्द्रकिरण माध्यमिक मनहरी-८ ले महेन्द्रज्योति मावि मनहरी-३ लाई पराजित गरेको कार्यक्रम व्यवस्थापन गरिरहेको मनहरी ७ स्थित राष्ट्रिय रोटरी माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक साधुराम रिजालले बताए ।

मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर र प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीको उपस्थितिमा पुरस्कार हस्तान्तरण गरिएको थियो ।

मनहरी खेलकुद विकास समितिका अध्यक्ष बीरु लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ३ का वडाध्यक्ष अनन्तप्रकाश अर्याल, वडा नम्बर ४ का वडाध्यक्ष प्रकाश थापा, वडा नम्बर ७ का वडाध्यक्ष ठाकुरराम तितुङ, शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख प्रदीप पराजुली, स्रोतशिक्षक बिदुर थापा, पशुपतिनाथ मावि ब्यवस्थापन समिति अध्यक्ष तथा गाउँ शिक्षा समितिका सदस्य माधब गौतमलगायतको सहभागिता रहेको थियो ।

# चैनपुर जेसीज मनहरीको अध्यक्षमा ढकाल

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/चैनपुर जेसीज मनहरीको वर्ष २०२५ को अध्यक्षमा श्रीकृष्ण ढकाल चयन भएका छन् । सोमबार सम्पन्न दोस्रो साधारणसभाले ढकालको नेतृत्वमा नयाँ समिति सर्वसम्मत चयन गरिएको निर्वाचन आयुक्त गणेश दर्पण अधिकारीले बताए ।

साधारणसभाबाट कार्यकारिणी उपाध्यक्षमा मिलन ढुंगाना र मनोज विष्ट चयन भएका छन् । त्यस्तै, उपाध्यक्षमा राजु सुवेदी, बालकृष्ण विष्ट, कृष्णप्रसाद खनाल र रोचक ढकाल चयन भएको अधिकारीले बताए । वर्ष २०२४ का अध्यक्ष रबिन ढकालको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# नारामै सीमित औद्योगिक ग्राम

मकवानपुरको थाहा नगरको औद्योगिक ग्राममा औद्योगिक प्रतिष्ठान स्थापनाका लागि हालसम्म कुनैपनि लगानीकर्ताले आबेदन दिएका छैनन् । औद्योगिक ग्राम निर्माण भएका पालिकाले लगानीकर्ता फेला पार्न सकेको छैन । अधिकांश पालिकाले औद्योगिक ग्राम निर्माणको सुरसार नै गरेका छनन् । संघीय सरकारले ६ वर्ष अघि घोषणा गरेको 'एक पालिका एक औद्योगिक ग्राम' कार्यक्रम कामजमै सीमित बनेको छ । नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सातवटै प्रदेशका सबै स्थानीय तहमा औद्योगिक ग्राम निर्माण गर्ने कार्यक्रम अघि सारेको थियो । आर्थिक वर्ष २०७६/७७ मा मुलुकमा ४५ वटा स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरियो । आर्थिक वर्ष २०७७/०७८ मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको १३० औद्योगिक ग्राम बनाउने योजना रहे पनि ३९ वटा मात्रै घोषणा गरियो । आर्थिक वर्ष २०७८/७९ मा ५० वटा औद्योगिक ग्राम घोषणा गर्ने सरकारको लक्ष्य तर, २१ वटा औद्योगिक ग्राम घोषणा भयो । घोषण भएका पालिकाले पनि औद्योगिक ग्रामलाई प्राथमिकता दिन सकेनन् र निर्माण कार्य अलपत्र बन्यो । केही पालिको ग्राम निर्माण गरेपनि लगानीकर्ताको अत्तोपत्तो छैन ।

छरिएर रहेका उद्योगलाई एकैस्थानमा समेटेर स्थानीय स्रोतसाधन, कच्चापदार्थ, प्रविधि र सीप प्रयोग गरी स्थानीयस्तरमै रोजगारी बढाउने उद्देश्यले औद्योगिक ग्राम सञ्चालन गर्न लागिएको थियो । तर, मकवानपुरको थाहानगर बाहेक कुनैपनि स्थानीय तहले औद्योगिक ग्राम निर्माण गर्न चासो देखाएनन् । संघीय सरकारको योजनाअनुसार भौगोलिक परिवेशका आधारमा फरक-फरक क्षेत्रफलमा औद्योगिक ग्राम बनाउने तयारी थियो । हिमाली भेगमा २५ रोपनी, पहाडी भेगमा ३५ रोपनी र तराइमा ७ बिघामा औद्योगिक ग्राम स्थापना गर्ने कार्यबिधि बनाएको थियो । तोकिएको जग्गाको ६० प्रतिशतमा उद्योग स्थापना हुने र पाँच प्रतिशतमा प्रशासनिक तथा सेवाकेन्द्र बनाउने, १० प्रतिशत जमिनमा हरियालीक्षेत्र, १५ प्रतिशत मूल सडक तथा सहायता सडकक्षेत्र, विपद व्यवस्थापन क्षेत्र, खुलामैदान तथा पार्क र अन्य सेवाक्षेत्र (पार्किङ, लोड-अनलोड, स्वास्थ्यकेन्द्र) का लागि छुट्याउने योजना थियो । औद्योगिक ग्राम बनाउन जग्गा भने स्थानीय तहले नै खोज्नुपर्ने, जग्गा छनोट गर्दा आर्थिक तथा भौगोलिक दृष्टिले उपयुक्त हुनुका साथै सरकारी जग्गा नै हुनुपर्ने औद्योगिक ग्राम घोषणा तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ मा उल्लेख गरिएको छ । सार्वजनिक जमीनमा औद्योगिक ग्राम बनाउँदा पाटी, पौवा, गौचरन मासिने भएकाले सरकारी जग्गामा मात्र बनाउने प्रावधान राकिएको थियो । कार्यविधि अनुसार औद्योगिक ग्राम मानववस्तीभन्दा कम्तीमा पाँच सय मिटर टाढा हुनुपर्ने, अन्तर्राष्ट्रिय सीमादेखि न्यूनतम दुई किलोमिटर टाढा हुनुपर्ने थियो ।

ग्रामभित्र प्रशासनिक भवन, बैंक तथा वित्तीय संस्था, दिवा शिशु स्याहारकेन्द्र, अग्निनियन्त्रण व्यवस्था, सामान प्रदर्शनी तथा बिक्रीकक्ष, शौचालय तथा स्नानगृह, पार्किङ, क्यान्टिन र प्राथमिक स्वास्थ्यकेन्द्र बनाउनु पर्ने कार्यबिधिले तय गरेको छ । ग्रामभित्र कृषि तथा वनजन्य, ऊर्जामूलक र सेवामूलक, स्थानीय तहले उपयुक्त ठानेका उद्योग रहने गरी तीनै तहको सरकारको लागत सहभागिता रहने ब्यवस्था गरिएको थियो । स्थापनाका लागि कुल परियोजना लागतको ४० प्रतिशत अर्थात् ३ करोड रुपैयाँसम्म संघीय सरकारले दिने र बाँकी स्थानीय तथा प्रदेश सरकारले हाल्नुपर्ने कार्यबिधि बनाइएको छ । मकवानपुरको थाहा नगरपालिकाले त्रिभुवनराजपथस्थित नौखण्डेको देउरालीमा औद्योगिक ग्राम स्थापना गर्ने तयारी गरेको तीन वर्ष भएको छ । नेपालकै पुरानो राजपथ मानिने त्रिभुवन राजपथसँग थाहा नगरको औद्योगिक ग्राम जाडिएको छ । थाहा-११ नौखण्डेको देउरालीमा औद्योगिक ग्राम स्थापनाका लागि ९० लाख रुपैयाँको बोलपत्रमार्फत् काम गरिएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस १७ गते बुधबार १ जनवरी २०२५ । द्वितीया, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:१८ । राष्ट्रिय टोपी दिवस । नव वर्ष २०२५ । राष्ट्रिय पोशाक दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रतिष्ठित काम गर्ने मौका छ | **तुला** | : सहयोगीको राम्रो साथ पाइनेछ |
| **वृष** | : आत्म-विश्वास बढ्नेछ | **वृश्चिक** | : रोकिएका काम बन्ने योग छ |
| **मिथुन** | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ | **धनु** | : लगानीको अवसर जुट्नेछ |
| **कर्कट** | : पारिवारिक जमघट हुनेछ | **मकर** | : यात्रा अघि बढ्न सक्नेछ |
| **सिंह** | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ | **कुम्भ** | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ |
| **कन्या** | : कामबाट फुर्सद मिल्नेछ | **मीन** | : छिमेकमा असमझदारी बढ्नेछ |

# के साँच्चिकै आउनेछ चमत्कारी नेता ?



✍ राजन भट्टराई

ग्रिक ग्रन्थ 'रिपब्लिक'मा प्लेटोले गुरु सोक्रेटसलाई सोधेका छन्- 'गुरु, लोकतन्त्रका शत्रु के-के हुन् !' प्रत्युत्तरमा दार्शनिक सोक्रेटस गम्भीर हुँदै भन्छन्- 'नागरिक मोबोक्रेसी (भीडतन्त्र) बाट शासित हुनु नै लोकतन्त्रका शत्रु हुन् ।' आज वैश्विक लोकतन्त्र प्रियतावाद (पपुलिज्म), सामाजिक सञ्जाल, अन्ध राष्ट्रवाद, डिप फेक, अनर्गलवाद लगायतका भीडतन्त्रबाट शासित भएको छ । प्रियतावादका अधिनायकी (एन्टागोनिस्ट)ले शुद्ध नागरिक (अथेन्टिक)को भाष्य सृजना गरेका छन् । यस्ता नेतृत्वले आफूलाई जनताका संवेग र मनोभावसँग गाँसिएका 'आत्मिक देवदूत'का रूपमा परिभाषित गरेका छन् ।

खुला उदारवादी लोकतन्त्रको परिणाम नै प्रियतावाद हो । मायावी (डेमो फोविया) शासनको दृष्टिकोण र जनतावादी कार्यशैली हो । विश्वका वामपन्थी, दक्षिणपन्थी र लोकतन्त्रवादी सबै धारका शासक प्रियतावाद चरित्र र कार्यशैलीबाट मुक्त छैनन् । यो नवीन राजनैतिक दर्शन होइन, संयुक्त राज्य अमेरिकामा सन् १८९० मा पपुलिस्ट पार्टीले बीजारोपण गरेको अंकुरण मात्र हो । त्यसताका सम्भ्रान्त वर्गको कटाक्ष गर्दै किसानहरूको अधिकार, मौद्रिक सुधार र औद्योगिक एकाधिकारको स्वर मुखरित भएको थियो ।

रूसमा 'नारोडनिक आन्दोलन' ले जारवादी शासन विरुद्ध ग्रामीण किसानलाई मोर्चाबन्दी बनाएको थियो । युरोपमा बेनिटो मुसोलिनी र एडोल्फ हिटलर जस्ता फासिस्ट नेताहरूले पनि जनताको प्रियताको आवरणमा मुलुकलाई खरानी बनाए । पछि २०औं शताब्दीमा पनि ल्याटिन अमेरिकी मुलुक अर्जेन्टिनामा जुआन पेरोन र ब्राजिलमा गेटुलियो वर्गास जस्ता नेताहरूले सामाजिक न्यायको भ्रम छरेर नागरिकलाई भुलभुलैयामा पारेका थिए । शीतयुद्ध पछिको पूर्वी यूरोपमा साम्यवादको पतन भयो । सन् २००६ मा बोलिभियाका शासक इभो मोरालेस पहिलो आदिवासी समूहबाट राष्ट्रपति भए । उनले गरिब समर्थक नीति, स्रोतको राष्ट्रियकरण र सामाजिक कल्याणमा सुधारको खाका ल्याए । उनको नेतृत्वले गरिबी घट्यो र साक्षरता बढ्यो, उनी बोलिभियाली नागरिकका लागि तिलस्मी नायक बने ।

हंगेरीमा विक्टर ओर्बानले राष्ट्रवादी आवरणमा वैश्विकवादको उछित्तो काढे र कडा अध्यागमन नीति लागू गरी राष्ट्रवादी चरित्रमा रूपान्तरण भए । भेनेजुएलामा समाजवादी नेता ह्युगो चाभेजले गरिब र सर्वहारा वर्गको मनमस्तिष्कबाटै नागरिकको मत बटुले । सामाजिक सुरक्षाका गरिबमुखी कल्याणकारी पुनर्वितरण नीति त ल्याए । कालान्तरमा मुलुक नै आर्थिक कंगाल बनाइदिए । फिलिपिन्समा रोड्रिगो डुटेर्टेले अन्तर्राष्ट्रिय कानुन विरूद्ध अपराध रोक्न कडा कानुन ल्याए र भ्रष्टाचार र अपराधलाई सम्बोधन गरे । टर्कीका रेसेप तैयप एर्दोगान सन् २०१७ देखि धार्मिक रुढीवाद र आर्थिक वृद्धिमा केन्द्रित थिए र उनले इस्लामिक पहिचानमा मात्र जोड दिए । ब्राजिलका शासक लुला डा. सिल्भाले 'बोल्सा परिवार' जस्ता सामाजिक कल्याण कार्यक्रम मार्फत गरिबी र असमानता लागू गरिन् । यसले ब्राजिलको इतिहासमा उनलाई सबैभन्दा लोकप्रिय नेताहरूमध्ये एक बनायो ।

सन् १९१९ मा एल साल्भाडोरमा नायब बुकेले अपराध नियन्त्रण र नवप्रवर्तनको प्रोपोगान्डामा प्रियतावाद राजनीतिमा अनुमोदित भए । सन् २०२२ मा इटालीमा जर्जिया मेलोनी पहिलो महिला प्रधानमन्त्री भई उनले राष्ट्रिय पहिचानको वकालत गरिन् । फ्रान्सेली शासक मरिनले पेन दक्षिणपन्थी लोकतन्त्रको वकालत गरी विश्वव्यापीकरण र युरोपेली एकीकरण विरूद्ध धावा बोलिन् । आप्रवासी विरोधी नीति लागू गरी मुलुकभित्र नवराष्ट्रवाद लागू गरिन् । भारतमा नरेन्द्र मोदीले हिन्दु राष्ट्रवादसँग लोकतान्त्रिक मूल्यलाई संयोजन गरेका छन् । आफूलाई 'चायवाला लड्का' मिथकमा ईश्वरीय देनको अद्भुत पात्रको रूपमा चित्रण गरेका छन् । मोदीका सांस्कृतिक रूपान्तरण, राष्ट्रवादी, आर्थिक सुधार, भ्रष्टाचार उनका 'मेक इन इन्डिया' का अभियान हुन् । नोटबन्दी (२०१६) र वस्तु तथा सेवा कर (जीएसटी) जस्ता महत्त्वपूर्ण आर्थिक सुधार दोस्रो पटकको चुनावमा सहयोगी सिद्ध भए । बेलायतको ब्रेक्सिट आन्दोलन र अमेरिकामा डोनाल्ड ट्रम्पको विजयले प्रियतावादलाई नयाँ उचाइमा पुऱ्याएको छ । हालसालै निर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अन्ध राष्ट्रवाद, आर्थिक संरक्षणवाद र कुलीन विरोधी बयानबाजीका एजेण्डामा जनताबाट अनुमोदित भए । 'द ट्विट मास्टर' उपमाले चिनिएका डोनाल्ड ट्रम्प खुँखार राष्ट्रवादीका कठोर पात्र ठहरिए ।

राष्ट्रिय सार्वभौमसत्तामा केन्द्रित भई मेक अमेरिका ग्रेट अगेन अभियानमा अध्यागमन नियन्त्रण, व्यापार संरक्षणवाद र व्यापार शुल्कहरू पुनर्व्याख्याको घोषणा गरेका छन् । उनले विशेष समूहको प्लेटफर्म डग ह्वीसलमा उद्घोष गरेका छन्-'हामीले ११० वर्षअघि यसको निर्माणमा ३८ हजार मानिस गुमायौं, अब पनामा नहर फिर्ता गर्छौं ।' राजनीतिक अध्येता डेभिड गुडहार्टले द पपुलिस्ट रिभोल्ट एन्ड द फ्युचर अफ पोलिटिक्स कृतिमा भनेका छन्- 'लहडी र संवेगका स्वच्छन्द नेतृत्व फूलका गुच्छा भएर विश्वभर मूर्झाइरहेका छन् । उल्टै, लोकतन्त्र र खुला शासनका जरा कुटुकुटु खाइरहेका छन् ।' प्रियतावादी राजनीतिज्ञले लोकतन्त्रका मूल्य र मैदान उपयोग त गर्छन् तर चुनावलाई रंगमञ्चको थिएटर झैं सम्झन्छन् र निष्पक्ष निर्वाचन प्रणालीलाई भत्काउने प्रयास गर्छन् । जनसहभागिताका नाममा 'जनताको देवदूत' को प्रतिनिधित्व गर्ने दाबी गरे तापनि सम्भ्रान्तका स्वार्थहरू पूरा गर्छन् ।

यसैले यस्तो नेतृत्वलाई 'भोक्स पोपुली प्रिन्स' (जनता-जनता भनेर भुकिरहने) उपमाले पनि चिनिन्छ । बाहिर सतहमा स्थापित राजनीतिक संस्थाहरू, अभिजात वर्गहरू र परम्परागत पार्टीहरूको कटाक्ष गरे पनि एलन मस्क जस्ता नवधनाढ्य शासन प्रणालीमा हावी हुन्छन् । सुधारको आवरणमा छद्मभेषी देखिएका नेतृत्वले लोकतन्त्रको निम्न पक्षमा प्रहार गर्दछन् । पहिलो, यस्ता नेतृत्वले वैश्विक शासनको विरोध गर्दै अन्तर्राष्ट्रिय संस्थाहरूको धज्जी उडाई राष्ट्रिय सार्वभौमसत्ताको वकालत गर्छन् । राष्ट्रिय पहिचानमा नागरिकलाई गर्व र एकताबद्ध हुन अपील गर्छन् । अन्तर्राष्ट्रिय सम्झौतालाई एकतर्फी भंग गर्दै आप्रवासी विरोधी नीति जारी गर्छन् । मुलुकका आर्थिक, सामाजिक नीतिहरूमा संरक्षणवाद र कल्याणकारी सोच हाबी हुन्छ । नागरिकलाई दामासाही नगद वितरण गरी अभिभावकत्व प्रदान गरेको चटक गर्छन् ।

प्रविधिका सीमाविहीन डिजिटल राष्ट्रवादको बेवास्ता गरी ध्रुवीकरण नीतिहरू लागू गर्छन् । अन्तर्राष्ट्रिय सम्बन्धलाई बहुपक्षीय भन्दा द्विपक्षीयता (सेकेन्ड ट्र्याक डिप्लोमेसी)मा प्राथमिकता दिन्छन् । राष्ट्रिय हितको पक्षमा कर, व्यापार, लगानी सम्झौताहरू पुन: परिभाषित गर्छन् । राष्ट्रिय सिमाना मात्र होइन, व्यापारमा संरक्षणवाद हावी हुन्छ । आर्थिक पुनर्वितरण वा मजदुर वर्गका लागि सब्सिडी, ज्याला वृद्धि वा सामाजिक लाभहरू घोषणा गर्छन् । पहिचानको राजनीतिमा रमाउँदै धार्मिक वा जातीय पहिचानलाई बलियो बनाउने नीतिहरू लागू गर्छन् । बहुसांस्कृतिकता, विविधता र बहुलवादको उपेक्षा गर्छन् । अभिजात वर्ग मात्र होइन, राजनीतिक, व्यापार, मिडियाको आलोचना र बलियो शक्ति संरचना भत्काउने चेष्टा गर्छन् ।

दोस्रो, समाजमा 'शुद्ध जनता' र 'भ्रष्ट सम्भ्रान्त' को दर्जा दिई ध्रुवीकरणको राजनीति गर्छन् । समाजमा एकाकारको नारा दिए पनि स्पष्ट विभाजन हुन्छ । सम्भ्रान्त सबै भ्रष्ट छन् (इलिट आर इम्मोरल) भन्दै बाहिर अभिजात वर्गप्रति कटाक्ष मात्र होइन, आक्रामक देखिन्छन् । तर भित्रभित्रै चोचोमोचो मिलाउँछन् । जनताको रटान (रेटोरिक) लिएर नीति कानुन तोड्ने र पद्धति भत्काएर सेलेब्रिटी रूप धारण गर्छन् । साधारण नागरिकको सारथिका मात्र होइन, आफूलाई अधिनायकी शैलीमा उभ्याउँछन् । शासन र विधिमा निमुखा वर्गको नायकत्व निर्वाहको नौटंकी गर्छन् । नागरिकका रोग र शोकका जटिल मुद्दाहरूलाई सरल बनाउने र भावनालाई उत्तेजित गर्ने शब्दजाल प्रयोग गर्छन् ।

यी नेतृत्वले जनशासनको भुलभुलैयामा नागरिकलाई पोलिसी पोल्टिक्समा होइन, संवेगको भुमरीमा डुबाउँछन् । लोकतन्त्रका समानता, सामाजिक न्याय र सहभागिता जस्ता मूल्यलाई तिलाञ्जली दिंदै नागरिक र सम्भ्रान्त वर्गबीच खाडल कोर्छन् । बहुमतको कदरमा निर्णय लिन्छन् । तर अल्पमत र वञ्चितीकरण वर्गलाई पल्लो कित्तामा पुऱ्याउँछन् । प्रतिशोधी र अहंकारी भई विपक्षीको हुर्मत लिन्छन् ।

तेस्रो, नीति निर्माणका सोच र खाका दिगो र दीर्घकाली हुँदैनन्, तत्काल लाभमा केन्द्रित हुन्छन् । समाजको संवेग र भावनालाई पूँजीकृत (क्यापिटलाइज) गरी बहुसंख्यक पक्षका नीति तर्जुमा गर्छन् । तथ्य, तथ्यांक र प्रमाणमा आधारित नीति निर्माणको बेवास्ता गर्छन् । अल्पसंख्यकको अधिकारको सुनिश्चितताको भाषण त गर्छन् तर यी समुदायको उत्थानमा लगानी गर्दैनन् । नीतिहरू प्राय: अल्पकालीन र अस्थिर हुन्छन् । तर लोकतान्त्रिक मान्यता र दीर्घकालीन स्थायित्वलाई कमजोर पार्छन् ।

नरेन्द्र मोदीले भारतमा नागरिक नीति तर्जुमा गर्दा गैरहिन्दुको वर्चस्व कम गर्दै बहुमतको आधारमा अल्पमतको हुर्मत लिएका छन् । नजिकका समूहलाई लाभ लिने नीतिका कारण सामाजिक र राजनीतिक तनाव सृजना हुन्छ । समानता र सामाजिक न्यायका लोकतान्त्रिक दृष्टिकोण विपरीत समाज र राजनीति ध्रुवीकरण गरिरहेका हुन्छन् । कमजोर वर्गहरूलाई लक्षित गर्दै प्रधानमन्त्री जन-धन योजना र प्रधानमन्त्री आवास योजना जस्ता विभिन्न कल्याणकारी योजनाहरू ल्याएका छन् ।

चौथो, प्रियतावादी नेतृत्वले नागरिकमाझ चामत्कारिक प्रभाव छाड्ने भाष्य सृजना गरिन्छ । नागरिकका मनमस्तिष्कमा डिप फेकको ज्ञान भर्छन् । साहु र ऋणी लमसुक लेनदेन गरे झैं सरकार र जनता नगदका किस्ता बाँडफाँड गर्छन् । राज्यका स्थापित मापदण्ड विघटन गरी ध्वस्त पार्छन् र नागरिकमाझ इमोसनल इन्टेलिजेन्सबाट लोकप्रियताको अपिल गर्दछन् । जटिल समस्याहरूको द्रुत समाधानको जादुगरी वा नायत्वको नौटंकी गर्छन् ।

भारतीय चुनावमा मोदीले कालो धन उत्खनन् गरी प्रत्येक नागरिकको टाउकोमा १५ लाख दिने घोषणा गरेका थिए । जनपक्षीय नीति, राष्ट्रियताको वकालत, जनतासँग प्रत्यक्ष संलग्नता, समस्या समाधान सरल उपाय भएको जादूगरी गर्छन् । भ्रष्ट वा लुटतन्त्रसँग लड्ने क्रान्तिकारी व्यक्तिको रूपमा चित्रण गर्छन् । परम्परागत शक्ति संरचनालाई भत्काएर सार्वजनिक भावनासँग बग्छन् ।

पाँचौं, प्रियतावादी नेताले नागरिकसँग प्रत्यक्ष सम्बन्ध स्थापित गरी सरकारी संयन्त्र, मिडिया, विधायिकीलाई बाइपास गर्छन् । मिडियालाई नियन्त्रण गरी सामाजिक सञ्जाल र अन्य प्रत्यक्ष सञ्चार च्यानलहरू प्रयोग गर्छन् । अमेरिकामा अभियोग, करछली, यौनकाण्ड लगायत मुद्दामा मुछिएका ट्रम्पले एलन मस्कसँगको गठजोडमा ट्विटरबाटै छवि सुधारेर जनताको अभिमत पाए । मिडियाबाट ट्रोल र अदालतबाट अभियोग लागेका ट्रम्पले सामाजिक सञ्जाल 'प्लेटफर्म ट्रुथ' प्रयोगमा ल्याई राज्यका वैधानिक निर्णयलाई चुनौती दिए । यस्ता नेतृत्वका नीतिहरू संस्थागत हुँदैन, नेताको विचारधाराले आकार दिन्छ ।

हंगेरीका भिक्टर ओर्बानले आफ्नो सरकारका निर्णयहरू एकोहोरो लाद्ने गर्छन् । भारतमा नागरिकसँग संवाद गर्न गोदी मिडिया तयार गरी मोदीले सामाजिक सञ्जाल र सार्वजनिक ऱ्यालीहरू प्रयोग गरेका छन् । मोदीले जनतासँग जोडिन मनकी बात जस्ता प्रत्यक्ष सञ्चार प्रयोग गरेका छन् । यिनीहरू मिडिया नियन्त्रित शासनको वकालत गर्छन् । दैनिक कार्यको फेहरिस्त सोसल मिडिया मार्फत सार्वजनिक गरी सञ्चारमाध्यमको खिलाफ गर्छन् ।

छैटौं, प्रियतावाद शासनकालमा लोकतान्त्रिक संस्था कमजोर हुन्छन् । राज्यका शक्तिको पृथकीकरण र सन्तुलन एकांकी हुन्छन् । अदालत र विधायिका सबैतिर वैधानिक कब्जा गर्छन् । न्याय कानूनी ढाँचा भन्दा मागको प्राथमिकतामा वितरण हुन्छ । कानूनी शासन कमजोर हुन्छ । विधायिकी कानुन निर्माणमा लग रोलिङ र भेन्यु सपिङ केन्द्रका 'नाङ्ले पसल' खडा गर्छन् सामान्य दीन-दु:खीको सारथि भएको अभिनय गर्छन् ।

राज्य सञ्चालनमा विशेषज्ञहरूको सल्लाहलाई बेवास्ता गरिन्छ । सरकारी संयन्त्र बाहिरका सल्लाहकार (क्रोनिज) शासनमा हाबी हुन्छन् । विशेषज्ञ विनाका नीति कानुनले क्षणिक लाभ त दिनेछन्ह नीति पानीका फोका (बबल) झैं क्षणिक र अस्थिर भइरहन्छन् । तर सामाजिक सुरक्षा नीतिका खराब डिजाइनका कारण भेनेजुएला र ग्रिसमा टाट पल्टिएका उदाहरण छन् । अनुदान वा कर कटौती जस्ता वितरणमुखी अनुदानले सरकारी वित्तमा दबाब सृजना हुन्छ ।

टर्कीमा रेसेप तैयिप एर्दोगानले कार्यकारी शक्तिलाई केन्द्रीकृत गरेका छन् । भारतमा नरेन्द्र मोदीको कल्याणकारी योजनाहरू ग्रामीण र गरिब जनसंख्याको लागि ल्याएका छन् । सन् २०२४ का नोबेल पुरस्कार विजेता ड्यारोन एसिमाग्लु र जेम्स ए रोबिन्सले 'राज्य किन असफल हुन्छ' कृतिमा राज्यका संयन्त्र दोहनकारी प्रकृतिका हुँदा मेक्सिको र अफ्रिकी मुलुक 'बनाना स्टेट' को नियतिमा पुगेको चित्रण गरेका छन् ।

सातौं, प्रियतावादी नेतृत्वले विश्वव्यापीकरणको आलोचना गर्छ । अन्तर्राष्ट्रिय सहयोग वा बहुपक्षीय सम्झौताहरूलाई उल्लंघन गर्छन् । पेरिस सम्झौता, डब्लूटीओ, आईएलओ जस्ता बहुपक्षीय संस्थाको औचित्य समाप्त भएको घोषणा गर्छन् । दिगो विकास लक्ष्य राष्ट्रसंघले लादेको विकास मोडल भएकोले मुलुक सुहाउँदो रैथाने विकासको खोजी गर्छन् । राष्ट्रिय गौरव र एकताको भावनाको खेती गर्दै विशेषगरी ग्रामीण क्षेत्रहरूमा जनसंख्याको समर्थन लिन्छन् र त्यही अनुसारको जनतावादी रणनीतिहरू प्रतिबिम्बित गर्दछ । ब्राजिलको 'बोल्सा फेमिलिया कार्यक्रम' गरिबी घटाउने उद्देश्यले राज्यको धन अनुदानका नाममा बाँड्ने शैलीका कारण मुलुकको अर्थतन्त्र ध्वस्त भयो ।

आठौं, यस्ता नेतृत्वले वाक् कलामा निपुणता र भाषिक दक्षता देखाउँछन् । इमोशनल इन्टिलिजेन्स र नियन्त्रणमुखी प्रस्तुति देखाउँछन् । तथ्यांक र मिथ्यांकको मिश्रण गरी नागरिकमा अन्योल सृजना गर्छन् । तर्कभन्दा संवेगमा जोड दिन्छन् । मानवअधिकार, अल्पसंख्यक र सीमान्तीकृतका अधिकारलाई अन्तर्राष्ट्रिय सम्झौता कानुनभन्दा मानवीय संवेदनाका अधारमा सम्बोधन गर्छन् । मौलिक भाषा तथा भेषभूषा पनि ब्रान्ड बन्दछन् र मोदी कोट यसको उदाहरण हो ।

नवौं, यो नेतृत्व राष्ट्रियता र पहिचानको राजनीतिमा रमाउँछन् । भारतमा मोदीले जम्मू कश्मीरमा संविधानको धारा ३७० खारेजी र गैरहिन्दु निषेधको नागरिकता संशोधन ऐन (सीएए) जस्ता नीतिहरू प्रस्तुत गरेका छन् । भारतलाई 'मेक इन इन्डिया' को रूपमा प्रवर्धन गरी राष्ट्रवादी भावना र आत्मनिर्भरता संयोजन गरेका छन् । 'द स्ट्रङ्गम्यान सेभियर' उपमाले चिनिएका रोड्रिगो डुटेर्टे जस्ता नेताले अधिनायकवादी प्रवृत्ति लादेका छन् । रसियामा 'नयाँ जार शासक' का रूपमा भ्लादिमिर पुटिन देखिएका छन् । भारतमा 'राष्ट्रवादका कप्तान' भनेर नरेन्द्र मोदीलाई चिनिन्छ । अमेरिकामा डोनाल्ड ट्रम्पलाई स्वच्छन्द र अव्यवस्थित शैलीका कारण 'द ट्रम्पस्टर' व्यंग्य गरिएको छ ।

दशौं, राज्य प्रणालीका विधि र पद्धतिको क्षयीकरण गरी व्यावसायिकतामाथि प्रहार गर्छन् । संवैधानिक र कानुनी मूल्यको तटस्थता खोज्छन् । यस नेतृत्वले आफूलाई सर्वज्ञ ठानी विशेषज्ञको अवमूल्यन गर्दा कर्मचारीतन्त्र डिफन्ट हुन्छ । नीति, बजेट र अनुदान वितरणमा राजनीति मग्न रहन्छ र कर्मचारीतन्त्र फड्के साँची बस्दछ । सार्वजनिक प्रशासनमा योग्यताको धज्जी उडाइन्छ र पहिचान र संस्कृतिका नाममा जातीय, लिङ्ग वा अन्य कारकहरूमा आधारित कोटा प्रणाली लागू गर्छन् । मुलुकका प्रणालीहरू सन्तुलन गुम्दा निष्पक्षता र समानताको अभावमा नयाँ-नयाँ द्वन्द्व निम्त्याउन सक्छन् ।

यसरी लोकतन्त्रका मान्यलाई खण्डित र क्षयीकरण गर्दै उदाएको प्रियतावादी राजनीतिको उभार बढ्दो क्रममा छ । यस्ता नेताहरू राष्ट्रियतावादी नीति र जनताको असन्तुष्टिमा प्रियतावादी धार लिंदैछन् । जनताको निराशा र कुण्ठालाई सामाजिक पूँजीमा रूपान्तरण गरेका छन् । चुनावी रंगमञ्चमा नागरिकको सहभागितामा 'भोट र आश' को किनबेच भएको छ । यसैले डेमोक्रेसी शब्द त 'डेमोक्रेजी' (अराजक वा निष्क्रिय लोकतन्त्रको खिल्ली उडाउने शब्द)मा रूपान्तरण भएको छ । यस्ता नेतृत्वले लोकतन्त्रको संस्थागत मूल्य विकास होइन, आफ्नो व्यक्तित्व, नीति वा नेतृत्व शैलीको आधारमा छवि बनाएका छन् ।

*(साभार: अनलाइनखबर)*

# पुँजीबजारप्रति बढ्दो आकर्षण र सहभागिता


✍ नरेन्द्रमान श्रेष्ठ

पछिल्लो समयमा शेयरबजारप्रति धेरैको आकर्षण बढेको देखिन्छ । शेयरबजारमा नयाँ-नयाँ लगानीकर्ताहरु धमाधम देखा परिरहेका छन् । पछिल्लो समय शेयरबजारमा महिलाहरुको सहभागिता पनि बढिरहेको छ भन्दा फरक नपर्ला । चाहे प्राथमिक बजारमा होस् वा दोस्रो बजारमा होस्, महिलाहरुको सहभागिता बढ्दै छ । पछिल्लो समय शेयर लगानीकर्ताहरुको संघहरुमा समेत महिलाहरुको नेतृत्व बढिरहेको देखिन्छ । त्यसै गरी कम्पनीहरुको साधारणसभाहरुमा उपस्थित हुने महिलाहरु पनि उल्लेख्यरुपमा रहेको देख्न सकिन्छ भने साधारणसभाहरुमा आफ्नो भनाइ राख्नेमा महिला पनि देख्न सकिन्छ । त्यसो त अहिले नियमितरुपमा साधारणसभाहरुमा बोल्ने महिला शेयरधनीमा निरुपमा गुप्ता मात्र देखिए पनि अबको दिनमा महिलाको सहभागिता बढ्ने बताउँछन् सरोकारवालाहरु । शेयरबजारमा महिलाहरुको सहभागितालाई सकारात्मकरुपमा लिन सकिन्छ । शेयरबजार महिलाहरुका लागि अतिरिक्त आयआर्जन गर्ने माध्यम पनि बनेको छ । अरु कार्यालयमा जस्तो १० देखि ५ बजेसम्म काम गर्न नपर्ने र आफ्नो घरको काम सकाएर घरमा नै बसी शेयर कारोबार गर्न सकिने भएकोले पनि शेयरबजारप्रति धेरैजसो गृहिणीको आकर्षण बढिरहेको हो भन्दा पनि फरक नपर्ला । खासगरी पछिल्लो समयमा दोस्रो बजारमा भन्दा पनि प्राथमिक शेयरबजारमा धेरैको आकर्षण रहेको देखिन्छ । त्यसो त धेरैजसो महिलाहरु प्नि दोस्रो बजारमा भन्दा प्राथमिक बजारमा नै रहेको बताउँछन् जानकारहरु । पछिल्लो समयमा प्राथमिक शेयर खरिदमा आवेदन दिनेहरुको संख्यामा धमाधम वृद्धि भइरहेको छ । कुनै पनि कम्पनीको आईपीओ जारी हुँदा शेयर खरिद आवेदन दिनेहरुको घुइँचो नै लाग्ने गरेको छ ।

पछिल्लो समयमा शेयरबजारमा महिलाहरु र युवाहरुको प्रवेश पनि बढेको देखिन्छ । पछिल्लो समयमा सडकदेखि सदनसम्म र चिया गफमा पनि शेयरबजारकै चर्चा हुन थालेको छ । पछिल्लो समयमा शेयरबजारप्रति सबै वर्ग र समुदायहरुको आकर्षण बढ्दै गइरहेको देखिन्छ । त्यसो त विद्यार्थीदेखि गृहिणीसम्मको शेयरबजारप्रति रुचि बढ्दै गइरहेको सरोकारवालाहरु बताउँछन् । शेयरबजारप्रति युवावर्गहरुको रुचिको कारणले शेयरबजारको दायरा फराकिलो हुँदै गइरहेको छ । नवप्रवेशीहरुको र युवावर्गको रुचि प्राथमिक बजारमा बढेको देखिन्छ । पछिल्लो समयमा प्राथमिक बजारमा लगानीकर्ताहरु ह्वात्तै बढेको देखिन्छ । प्राथमिक शेयर खरिदमा आवेदन दिनेहरुको संख्या १५ लाखभन्दा रहेको छ । डिम्याट खातामा दर्ता हुनेहरुको संख्या पनि लगभग ६५ लाखभन्दा बढी भइसकेको सरोकारवालाहरु बताउँछन् । पछिल्लो समयमा अनलाइनमा मेरो शेयरबाट घर, पसल, अफिसबाट पनि आवेदन दिन सकिने र सी आस्वामार्फत बैंकमा गएर आवेदन दिन पाउने भएपछि यसको संख्या ह्वात्तै बढेको हो भन्दा फरक नपर्ला ।

*क्रमश: पृष्ठ-३...*

# संविधानअनुसार ऐन नबनाउनेमा कानुन मन्त्रालय नै अगाडि




काठमाडौं/मुलुकका लागि आवश्यक नीति निर्माणको पहल लिने मुख्य जिम्मेवारी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको हो । विषयगत मन्त्रालयले तयार पारेको विधेयक संविधान र अन्य प्रचलित कानुन अनुसार रहे/नरहेको हेर्ने पनि कानुन मन्त्रालयले नै हो । कानुन मन्त्रालयले संविधान अनुसार के कति कानुन के कस्ता विषयमा बनाउन आवश्यक छ भनेर आन्तरिक अध्ययन गरेर छलफल समेत चलाउँदै आएको छ । तर, संसदीय अध्ययनले संविधान अनुसार बन्न बाँकी कानुन बनाउने अग्रसरता नलिनेमा कानुन मन्त्रालय नै अगाडि रहेको देखाएको छ ।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले गठन गरेको 'संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन उपसमिति' को अध्ययनले यस्तो देखाएको हो । नेकपा एकीकृत समाजवादीका सांसद वेदुराम भुसाल नेतृत्वको उपसमितिले गरेको अध्ययनअनुसार यसअघि तत्काल बनाउन भनेर सिफारिस भएका ३९ मध्ये दुईवटा विधेयक मात्रै संसद्मा आएको छ । जसमा संघीय निजामती सेवासम्बन्धी विधेयक र विद्यालय शिक्षा सम्बन्धी विधेयक छन् । यी दुवै विधेयक हाल प्रतिनिधिसभा अन्तर्गतको विषयगत समितिमा दफावार छलफलमा छन् ।

बाँकी ३७ वटा ऐन बनाउन सम्बन्धित मन्त्रालयहरूले अपेक्षित पहल नलिएको अध्ययनको निष्कर्ष छ । अध्ययनअनुसार कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको क्षेत्राधिकारभित्र रहेका विषयको संख्या नै १३ वटा छ । संविधानको धारा २० मा न्याय सम्बन्धी हक छ । तर, यो व्यवस्था कार्याव्यनका लागि परिवर्तित राज्य संरचना समेतलाई सम्बोधन हुने गरी नयाँ विस्तारित कानुन बनाउनुपर्नेमा यो हुन नसकेको संसदीय अध्ययनको निचोड छ ।

संविधानको धारा १०१ मा महाभियोगसम्बन्धी व्यवस्था छ । जसअनुसार प्रतिनिधिसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एकचौथाइ सदस्यले राष्ट्रपति वा उपराष्ट्रपतिविरुद्ध महाभियोगको प्रस्ताव पेस गर्न सक्छन् । त्यस्तो प्रस्ताव संघीय संसद्को दुवै सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित अधिकारी पद मुक्त हुन्छ ।

यो व्यवस्थालाई संविधानअनुसार प्रष्ट बनाउन नयाँ ऐन वा प्रचलित ऐनमा संशोधन गर्नुपर्ने संसदीय अध्ययनको निष्कर्ष छ । हाल महाअभियोग (कार्यविधि नियमित गर्ने) ऐन २०५९ विद्यमान छ । यसलाई संविधान अनुकूल बनाउनुपर्नेमा कानुन मन्त्रालयले कुनै पहल नलिएको अध्ययनमा उल्लेख छ । संविधानको धारा १०७ कार्यान्वयनका लागि संघीय संसद्को सचिवालयसम्बन्धी ऐन २०६४ लाई संविधानअनुसार परिमार्जन गर्नुपर्नेमा यो पनि नगरिएको भनिएको छ ।

संविधानको धारा १३७ मा संवैधानिक इजलासको गठनसम्बन्धी व्यवस्था छ । जसअनुसार सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहनेछ । त्यस्तो इजलासमा प्रधानन्यायाधीश र न्याय परिषद्‌रुको सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चारजना न्यायाधीश रहन्छन् ।

तर, संवैधानिक इजलासको सञ्चालनसम्बन्धी व्यवस्था निर्धारण गर्ने कानुन आवश्यक रहेको संसदीय उपसमितिको निष्कर्ष छ । अध्ययनअनुसार संवैधानिक इजलास, इजसालमा न्यायाधीश र मुद्दा तोक्ने लगायतका विषय सम्बोधन गर्नुपर्ने छ । सर्वोच्च अदालतको संवैधानिक इजलास सञ्चालन नियमावली २०७२ हाल विद्यमान छ । तर, यसलाई कानुन नै बनाएर नियमन गर्नुपर्नेमा यसो नगरिएको अध्ययनले देखाएको छ ।

कानुन मन्त्रालयअन्तर्गत रहेको अर्को विषय हो- संविधानको धारा १५५ कार्यान्वयन । यसमा प्रदेश न्याय सेवा आयोगको गठन र प्रदेश न्याय सेवाका कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तसम्बन्धी विषय छ । अध्ययनअनुसार राज्य पुनर्संरचना समेतलाई आधार मानेर यस सम्बन्धमा नयाँ कानुन बन्नुपर्ने हुन्छ ।

संविधानको धारा १५६ मा प्रदेश न्याय सवा आयोगको गठन र प्रदेश न्याय सेवाका कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तसम्बन्धी विषय छ । यसमा पनि कानुन बनाउन आवश्यक रहेको औंल्याइएको छ ।

'एकीकृत न्याय प्रणाीमा प्रदेश न्याय सेवा आयोगको आवश्यकता, औचित्य र प्रयोजन स्पष्ट हुनुपर्ने गरी कानुन जारी हुनुपर्ने' अध्ययन प्रतिवेदनमा उल्लेख छ । कानुन मन्त्रालयअन्तर्गत पर्ने र संविधानअनुसार बनाउनुपर्ने अर्को विषय हो- प्रतिनिधिसभाको कार्याकालको स्पष्ट व्यवस्थासहितको कानुन । प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा कार्यकालकै विषयलाई लिएर समेत विवाद भएको थियो । संविधानको धारा ८५ मा यससम्बन्धी व्यवस्था छ । यसलाई स्पष्ट गर्ने गरी कानुन बनाउन आवश्यक रहेको अध्ययनको निष्कर्ष छ ।

संसद्का सदस्यको सपथ, संघीय संसद्को विशेषाधिकार र अदालतको अपहेलनामा कारबाही चलाउनेसम्बन्धी विषयमा कानुन बनाउनुपर्ने औंल्याइएको छ । सांसदको सपथसम्बन्धी विषय संविधानको धारा ८८ मा छ । संसद्को विशेषाधिकार संविधानको धारा १०३(९) मा र अदालतको अपहेलनामा कारबाही चलाउने विषय संविधानको धारा १२८(४) मा छ ।

संविधानको धारा १३४(२), धारा १४५(२) मा एउटा उच्च अदालतबाट अर्को उच्च अदालत वा उच्च अदालत मातहतको एउटा जिल्ला आदालतबाट अर्को जिल्ला अदालतमा मुद्दा सार्न आदेश दिनेसम्बन्धी विषय छ । यो विषयमा आधार, कारण र अवस्था तोक्ने गरी कानुन बनाएर नियमन गर्नुपर्ने संसदीय अध्ययनको निष्कर्ष छ ।

यससम्बन्धी केही व्यवस्था न्याय प्रशासन ऐन २०७३ मा रहेता पनि पर्याप्त नभएकाले नयाँ ऐन वा प्रचलित ऐन संशोधन गर्न सुझाइएको छ । यो काम कानुन मन्त्रालयले गरेको छैन । संविधानअनुसार सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनसम्बन्धी विषयमा समेत कानुन बनाउनुपर्ने छ । सर्वोच्च अदालत नियमावलीमा यससम्बन्धी केही व्यवस्था रहेको भएता पनि संविधानमा उल्लेख भएअनुसार समेट्नुपर्ने विषयलाई सर्वोच्च अदालत ऐन वा नियमावलीमा थप्नुपर्ने सुझाव दिइएको छ ।

संविधानको धारा १४३ (१) मा उच्च अदालतको न्यायाधीशलाई अन्य काममा लगाउनेसम्बन्धी विषय छ । तर, अन्य कामको बारेमा सीमा तोकेर स्पष्ट गर्नुपर्नेमा नगरिएको अध्ययनले देखाएको छ । यी विषयमा कानुन बनाउने गरी कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले पहल लिनुपर्नेमा नलिएको संसदीय अध्ययनले देखाएको हो ।

### प्रधानमन्त्री कार्यालय पनि गैरजिम्मेवार

संसदीय अध्ययनअनुसार संविधानअनुसार कानुन बनाउने विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌रुको कार्यालय पनि जिम्मेवार देखिएको छैन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌रुको कार्यालयले तत्काल ल्याउनुपर्ने आठ विषयको विधेयक नल्याएको अध्ययनको निष्कर्ष छ ।

अध्ययनअनुसार संविधानको धारा १६१ बमोजिम सरकारी वकिल तथा महान्यायधिवक्ता कार्यालयको मातहतका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको शर्तसम्बन्धी विषयमा ऐन बनाउनुपर्ने छ । प्रधानमन्त्री कार्यालयले नै प्रदेश प्रमुखको अधिकार र अधिकारको प्रयोगसम्बन्धी विषयमा ऐन बनाउन पहल लिनुपर्ने हुन्छ ।

दुई वा दुईभन्दा बढी प्रदेशले संविधानतः प्रदेशको अधिकार सूचीमा उल्लेखित विषयमा कानुन बनाउन नेपाल सरकार समक्ष अनुरोध गरेमा संघीय संसदले कानुन बनाउने विषयमा स्पष्टता आवश्यक छ । संसदीय अध्ययनले नेपाल विशेष सेवा ऐन २०४२ लाई संविधानअनुसार परिमार्जन गर्न पनि भनेको छ । यो विषयलाई सम्बोधन गर्ने यसअघि राष्ट्रिय सभामा विधेयक आएर पारित भएर प्रतिनिधिसभामा पुगेको थियो । प्रतिनिधिसभाको कार्यकाल सकिएर उक्त विधेयक निष्क्रिय भएको थियो । त्यसलाई फेरि अगाडि आवश्यक रहेको उल्लेख गरिएको छ ।

संविधानको धारा २९ मा शोषण विरुद्धको हक छ । जहाँ प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुने उल्लेख छ । तर, सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको नमानिने व्यवस्था संविधानको धारा २९ को उपधारा ४ मा छ । यो प्रावधानको स्पष्टताका लागि कानुन बनाउनुपर्ने हुन्छ ।

संसदीय अध्ययनअनुसार राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरणसम्बन्धी कार्यलाई स्पष्ट गर्नुपर्ने छ । नागरिकतासम्बन्धी विधेयक प्रतिनिधिसभाको अघिल्लो कार्यकालमै प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रपतिकहाँ पुगेको थियो । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त विधेयक प्रमाणीकरण गरिनन् । तत्कालीन राष्ट्रपति भण्डारी कार्यकाल सकिएर बिदा भएपछि आएका वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता सम्बन्धी विधेयक प्रमणीकरण गरेका थिए ।

यो पृष्ठभूमिमा संसदीय अध्ययनले राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमणीकरणसम्बन्धी कार्यलाई थप स्पष्ट गर्नका लागि छुट्टै कानुनको आवश्यकता वोध भएको उल्लेख गरेको हो । संसदीय अध्ययनले संसदको अधिवेशन आह्वान र अन्त्यसम्बन्धी विषयलाई थप स्पष्ट पार्नुपर्ने पनि औंल्याएको छ । आह्वान र अन्त्यसम्बन्धी निर्णय लिँदा सदनको नेतृत्वसँग समन्वय गर्नुपर्ने र परामर्श लिनुपर्ने बाध्यकारी व्यवस्थाको आवश्यकता औंल्याइएको हो ।

संविधानको धारा ९३ मा संसद्को अधिवेशनको आह्वान र अन्त्यसम्बन्धी व्यवस्था छ । जस अनुसार राष्ट्रपतिले मन्त्रिपरिषद्‌रुको सिफारिसमा संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य गर्नेछन् । तर, मन्त्रिपरिषद्‌रुले यो अधिकार प्रयोग गर्दा आफूहरूसँग समन्वय नगर्ने गरेको सदनको नेतृत्वकर्ताको गुनासो रहने गरेको छ । यससम्बन्धमा कानुन बनाउनुपर्ने राय संसदीय उपसमितिको छ ।

संवैधानिक निकायका वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने सम्बन्धी विषयमा समेत छुट्टै ऐन आवश्यक रहेको औंल्याइएको छ । हाल वार्षिक प्रतिवेदन संसद्मा पेस हुने व्यवस्था छ । तर, त्यसउपर कम मात्रै छलफल हुने गरेको छ । यससम्बन्धी ऐन बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌रुको कार्यलय गम्भीर नभएको र यसले संविधान कार्यान्वयनका लागि समेत असर गरिरहेको संसदीय अध्ययनको निष्कर्ष छ ।

### नागरिकता ऐनमा स्पष्टता खै ?

संसदीय अध्ययनले गृह मन्त्रालयले संविधान कार्यान्वयनका लागि तत्काल चारवटा ऐन बनाउनुपर्ने सुझाएको छ । जसमा नागरिकता ऐनमा स्पष्टता खोजिएको छ । नेपाल नागयरिकतासम्बन्धी ऐन २०६३ संविधान अनुकूल नभएको र यससम्बन्धी पछिल्लो संशोधनले समेत कतिपय विषयमा स्पष्टता ल्याउन नसकेको भनिएको छ ।

'विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपालको नागरिकका सम्बन्धमा गैर आवासीय नेपालीसम्बन्धी केही व्यवस्था गरेको भए तापनि विदेशको स्थायी आवासीय अनुमतिपत्र त्यागेको नेपाली नागरिकसम्बन्धी व्यवस्था पूर्ण नभएको हुँदा सो समेतका व्यवस्था समावेश गरी नयाँ नागरिकतासम्बन्धी कानुन निर्माण गर्नुपर्ने' संसदीय अध्ययनले औंल्याएको छ । यससम्बन्धी विधेयक ल्याउने मन्त्रालय गृह मन्त्रालय हो ।

संसदीय अध्ययनले नेपाल प्रहरी कानुनलाई समेत समयाअनुकूल बनाउन भनेको छ । 'प्रहरी ऐन २०१२ धेरै पुरानो भएको कारण सुरक्षा परिचालन र प्रहरी कर्मचारीको वृत्ति विकास समेतमा नकारात्मक असर परेको हुँदा संघीयता अनुकूल हुने गरी कानुन तर्जुमा गर्नुपर्ने' संसदीय अध्ययनले सुझाएको छ ।

संविधानको धारा २७६ मा राष्ट्रपतिले माफी दिन सक्ने सम्बन्धी व्यवस्था छ । जसअनुसार राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुन बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्छन् । तर, यो अधिकारको प्रयोगका सम्बन्धमा स्पष्टता आवश्यक रहेको संसदीय अध्ययनको निष्कर्ष छ । जहाँ भनिएको छ, '...फौजदारी कसुरको सजाय र कैद बाहेकका जरिबाना मिनाहाका विषयमा कानुन आवश्यक भएको ।'

जनमत संग्रहसम्बन्धी विषयमा समेत नयाँ कानुन आवश्यक रहेको अध्ययनको निष्कर्ष छ । 'राष्ट्रिय महत्त्वको विषयमा जनमत संग्रहसम्बन्धी विषय (संसदीय नियमावलीमा संसदभित्रको प्रक्रिया मात्र उल्लेख भएको हुँदा विधायिकी कानुन बन्न उपयुक्त हुने)।' अध्ययन प्रतिवेदनमार्फत गृह मन्त्रालयलाई सुझाइएको छ ।

गृह मन्त्रालय र अन्य मन्त्रालयले संयुक्त रूपमा बनाउनुपर्ने कानुनका विषयसमेत अगाडि नबढेको भनेर संसदीय समितिले प्रश्न उठाएको छ । जसमा सम्पत्तिको हक, अधिग्रहण र क्षतिपूर्तिसम्बन्धी विषय छ । क्षतिपूर्ति ऐन २०१९ खारेज गरेर अपराधपीडितको क्षतिपूर्तिबाहेकका समग्र विषय समेटेर नयाँ कानुन ल्याउन पनि सुझाइएको छ ।

### भूमिहीन दलितलाई कहिले दिने जग्गा ?

संविधानको धारा ४० मा दलितको हकसम्बन्धी व्यवस्था छ । उपधारा ५ मा संविधान जारी भएपछि राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एकपटक जमिन उपलब्ध गराउनु पर्ने व्यवस्था छ । उपधारा ६ मा राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्ने भनिएको छ । तर, यससम्बन्धी संघीय कानुन नबनेको र कानुन नबनेकै कारण संविधान जारी भएको झन्डै एकदशकसम्म संवैधानिक व्यवस्था कार्यान्वयनमा आउन नसकेको भनेर संसदीय अध्ययनले प्रश्न उठाएको छ ।

'भूमिसम्बन्धी ऐन २०२१ मा थप व्यवस्था गरी संविधान जारी भएको तीन वर्षभित्र काम (भूमिहीन दलितलाई एकपटकका लागि जग्गा र आवासविहीन दलितलाई बसोबासको प्रबन्ध) गरिसक्ने भनिएकोमा सो हुन नसरी तीन वर्षका अवधि व्यतीत भएको हुँदा सो सम्बन्धमा प्रबन्ध गर्नुपर्ने' अध्ययन प्रतिवेदनमा उल्लेख छ । यो सहित भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले संविधान कार्यान्वयनका लागि चारवटा ऐन बनाउनुपर्ने भनिएको छ । जसमा धार्मिकस्थल तथा धार्मिक गुठी सञ्चालन र गुठी जग्गामा भोगाधिकार भइरहेका किसान र गुठीको अधिकारसम्बन्धी व्यवस्था स्पष्ट गर्ने गरी छुट्टाछुट्टै वा एकीकृत ऐन कानुन ल्याउन भनिएको छ ।

### करसम्बन्धी दोहोरोपना हटाऊ

संसदीय अध्ययनले संविधानअनुसार ऐन बनाएर करसम्बन्धी दोहोरोपना हटाउन सुझाएको छ । अर्थ मन्त्रालयले संविधानअनुसार कर लगाउनेसम्बन्धी विषयमा कानुन बनाउनुपर्ने भनिएको छ । जहाँ भनिएको छ, 'करसम्बन्धी कानुनहरूलाई एकीकृत गरी कर सम्बन्धी दोहोरोपना अन्त्य गर्ने ।'

नेपाली सेनालाई विकास निर्माण र विपद् व्यवस्थापनमा लगाउन सक्नेसम्बन्धी विषयमा समेत ऐन बनाउन सुझाइएको छ । सैनिक ऐनमा यस्तो काममा लगाउन सक्ने मात्र उल्लेख भएकाले स्पष्ट गर्न रक्षा मन्त्रालयलाई भनिएको छ । संसदीय अध्ययनअनुसार राष्ट्रिय सुरक्षा परिषद्ले गर्ने कतिपय काममा समेत स्पष्टता आवश्यक छ । महिलाको हकको समग्र व्यवस्थालाई ख्याल गरेर संविधानअनुसार विशेष व्यवस्था गर्न आवश्यक रहेको अध्ययनको निष्कर्ष छ ।

संविधानअनुसार सबै विश्वविद्यालयलाई नियमन गर्ने गरी छरिएर रहेका कानुनलाई एकीकृत भनिएको छ । संचारको हकसम्बन्धी विषय, विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी विषयमा स्पष्टता खोजिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई स्वास्थ्यको हकसम्बन्धी विषयहरूलाई एकीकृत गरी संघीयता अनुकूल बनाउन भनिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# राजबल्लभ र प्रदीप स्टारर 'एक्टर' पोस्टरमा के छ ?

काठमाडौं/आगामी माघ १६ गते (शहिद दिवस)देखि प्रदर्शनको तयारीमा रहेको फिल्म 'एक्टर : टेक वान'को मुख्य भूमिकामा दुई पुस्ता छन्, राजबल्लभ कोइराला र प्रदीप खड्का । राजबल्लभ दशकअघिका 'स्टार' हुन् । उनीपछि उदाएको पुस्तामा प्रदीप पर्छन् । यसैले उनीहरुलाई पहिलो पटक एकसाथ पर्दामा हेर्न दर्शक अधैर्य छन् । 'को हिरो र को भिलेन' भन्ने कौतुहलता पनि उतिक्कै देखिन्छ ।




फिल्म रिलिजका लागि अब एक महिना बाँकी रहँदा निर्माण टिमले प्रचारमा तीव्रता दिन थालेको छ । जसअनुरुप सोमबार दुईथान पोस्टर सार्वजनिक गरियो, जसले पात्रहरुको मुड दर्शाउँछ । एक पोस्टरमा राजबल्लभ र प्रदीप चित्रित छन् । प्रदीपको अनुहारमा चोट देखिन्छ । राजबल्लभ भने सिगार तान्दै प्रदीपको फोटो नियालिरहेका छन् । यसले कथामा शक्तिको खेल रहेको संकेत गर्छ ।

अर्को पोस्टरमा राजबल्लभ रिसाहा भावमा प्रस्तुत छन् । एक हातमा सल्किरहेको सिगार छ । र, उनले कसैलाई चुनौती दिइरहेको देखिन्छ । पोस्टरमा प्रदीप पनि चित्रित छन् । उनलाई चकलेटी अवतारमा प्रस्तुत गरिएको छ । उनीसहित दुई शीर्ष अभिनेत्री आना शर्मा र दिव्या रायमाझीलाई पनि पोस्टरमा देख्न सकिन्छ । यसबाट पात्रहरुबीचको सम्बन्धको आयामलाई बुझाउन खोजिएको छ ।

राजन भुसालको निर्देशनमा बनेको यस फिल्ममा दिव्य देव, उषा रजक, सुशील सिटौला, सिर्जना अधिकारी, बादल भट्ट लगायतको पनि अभिनय छ । आकाश बराल र निर्देशक भुसाल स्वयंको लेखन रहेको फिल्ममा थमन कुमार भण्डारी निर्माता र अनीश भुसाल सह-निर्मातामा छन् । फिल्मका छायाँकार नरेन्द्र मैनाली हुन् भने सम्पादन निमेष श्रेष्ठ तथा द्वन्द्व निर्देशन अष्ट महर्जनको रहेको छ ।

# 'रंगी' टिजरमा बाबुछोरीको सम्बन्धको कथा

काठमाडौं/आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रंगी'को टिजर सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक १ मिनेट ३९ सेकेण्ड लामो टिजरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ ।

एक बाबुले छोरीका लागि गरेको संघर्षको कथा पेश गरेको टिजर मर्मस्पर्शी छ । अभिनेता सलोन बस्नेत र बाल कलाकार आयुषी ढकालमा फिल्मको कथा केन्द्रित रहेको टिजरले प्रष्ट पार्छ ।

खुशी, रोदन र पीडा मिश्रित टिजरमा छोरीले झ्यालबाट हेर्दै बाबुलाई पर्खिएको, फुड डेलिभरीको पेशा अपनाएका सलोनले घाम र पानीको प्रवाह नगरी काम गरेको, छोरीलाई गरेको वाचा पूरा गर्न नसक्दा भावविह्वल भएको दृश्यले दर्शकलाई भावुक बनाउन सक्छ । टिजरको अन्तिममा एउटा कारले ठक्कर दिएपछि घाइते छोरीलाई लिएर सलोन चिच्चाएको दृश्य कारुणिक छ ।

थुप्रै फिल्ममा सहायक निर्देशक भएर काम गरेको सुरेश न्यौपानेको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा सलोन र आयुषी सहित नम्रता श्रेष्ठ (पूर्व मिस नेपाल), दीलिप रायमाझी, उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी लगायतको अभिनय छ । सलोन स्वयं प्रस्तुतकर्ता रहेको फिल्मका निर्माता सक्षम सुवेदी, करिश्मा केसी बस्नेत र अनिश गौतम हुन् ।

फिल्ममा सुमन गजमेरको स्क्रिप्ट लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, आनन्द कार्की, आमेश भण्डारी, भीम बिसी, समीक्षा अधिकारी र सुजता केसीको स्वर, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको शब्द रचना, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोक्तानको कलर तथा कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी रहेको छ ।

# पुँजीबजारप्रति बढ्दो...

त्यसै गरी प्राथमिक शेयरमा आवेदन दिनेहरुलाई १० कित्ता शेयर दिन पर्ने र आवेदन दिँदा न्यूनतम १० कित्ताको लागि मात्र पनि आवेदन दिन सक्ने नियम गरेपछि शेयर खरिद आवेदन दिनेहरु झनै बढेको देखिन्छ । तर पनि प्राथमिक शेयरमा आवेदन दिने सबैले न्यूनतम १० कित्ता शेयर पाउने भन्ने भ्रम पनि देखा परेको देखिन्छ । आवेदन दिने सबैले १० कित्ता शेयर पाउने भने होइन, माग गरेभन्दा धेरैको आवेदन पऱ्यो भने सबैले शेयर पाउँदैनन् । त्यस बेला गोला प्रथाबाट बाँडफाँड गरिन्छ । तर बढी आवेदकहरुले शेयर पाउने भने देखिन्छ । पछिल्लो समयमा नेपालको धितोपत्र बजारमा जनसहभागिता बढिरहेको देखिन्छ । त्यसो त पछिल्लो समयमा पुँजीबजारमा लगानीकर्ताको आकर्षण बढ्दै छ । खासगरी नयाँ लगानीकर्ताहरुको आकर्षण बढ्दै छ ।

विगतमा कुनै पनि कम्पनीको आईपीओ र एफपीओ जारी हुँदा आवेदन दिन आवेदन संकलन केन्द्रहरुमा लगानीकर्ताहरुको भीड नै देखिने गरिन्छ । अहिले विगतमा जस्तो प्राथमिक शेयर खरिद गर्न आवेदन संक्लन केन्द्रहरुमा चेक र नगद बोकेर घण्टौं लाइनमा बसेर आवेदन बुझाउनुपर्ने झन्झटबाट भने मुक्त भएका छन् । अहिले सी आस्वा प्रणालीको स्वीकृति पाएका बैंक तथा वित्त कम्पनीहरुको देशभरका शाखा कार्यालयहरुबाट सी आस्वामार्फत शेयर खरिद आवेदन दिन सकिन्छ ।

अनलाइनबाट मेरो शेयरबाट पनि आईपीओको आवेदन दिन सकिन्छ । शायद यही कारणले पनि प्राथमिक शेयरमा लगानीकर्ताहरुको आकर्षण बढेको हो कि । पछिल्लो समयमा प्राथमिक शेयर खरिदमा आवेदन दिन सजिलो र समयको पनि बचत हुने गरेको छ । त्यसै गरी १० कित्ते नियमले गर्दा पनि अहिले न्यूनतम रु. १ हजारको मात्रै आवेदन दिए पनि पुग्ने भएकोले साना लगानीकर्ताहरु बढी आकर्षित भएको देखिन्छ । यसले गर्दा पनि प्राथमिक बजारमा लगानीकर्ताहरुको आकर्षण बढेको देखिन्छ । त्यसो त पछिल्लो समयमा आईपीओ भर्नेहरुमा पुराना लगानीकर्ताहरुभन्दा नयाँ लगानीकर्ता बढी देखिन थालेका छन् ।

पछिल्लो समयमा धितोपत्र बजारप्रति चासो राख्नेहरु पनि थुप्रै देखिन थालेका छन् । धितोपत्र बजार प्रति सबै वर्ग, तह, पेसाका व्यक्तिहरुको आकर्षण रहेको पाइन्छ । पछिल्लो समयमा शेयर बजारको बारेमा फुटपाथ पसलेदेखि कर्पोरेट कार्यालयहरुले सम्म पनि चासो राखेको देखिन्छ । त्यसो त शेयरबजारप्रति धेरैले चासो राख्नु, धेरैको आकर्षण हुनु शेयर बजारको लागि सकारात्मक पक्ष हो । शेयरबजारप्रति, प्राथमिक बजारप्रति लगानीकर्ताहरुको आकर्षणले गर्दा माग गरेभन्दा कैयौं गुणा आवेदन पर्ने गरेका छन् ।

विगतमा माग गरेभन्दा कति गुणा बढीले आवेदन पऱ्यो भनेर चासो राख्ने गरिन्थ्यो भने अहिले १० कित्ते नियमले गर्दा कतिवटा आवेदन पऱ्यो भनेर चासो राख्ने गरेको पाइन्छ । त्यसो त आईपीओमा लगानी गर्नेहरु पुराना लगानीकर्ताहरुभन्दा नयाँ लगानीकर्ताहरु बढी रहेको पाइन्छ । हुन त प्राथमिक बजारमा लगानी गर्न चाहने नयाँ लगानीकर्ताहरुको लागि आईपीओमा लगानी गर्नु राम्रो हो । धितोपत्र बजारमा लगानी गर्न चाहने नयाँ लगानीकर्ताहरुको लागि प्राथमिक बजार उपयुक्त बजार हो भन्दा पनि फरक नपर्ला । प्राथमिक शेयरमा लगानी गर्दा जोखिम कम हुन्छ भने लामो अवधिको लागि लगानी गर्ने लगानीकर्ताहरुको लागि प्राथमिक बजारमा लगानी गर्नु राम्रो हो । यसमा दोस्रो बजारमा जस्तो जोखिम हुँदैन । यस कारणले पनि पछिल्लो समयमा प्राथमिक शेयर याने आईपीओमा लगानी गर्नेहरुको भीड देखिने गरेको छ ।

धितोपत्र बजारमा प्रवेश गर्न चाहने नयाँ लगानीकर्ताहरुको लागि प्राथमिक शेयरमा लगानी गर्दा जोखिम कम हुन्छ । यसमा दोस्रो बजारमा जस्तो जोखिम हुँदैन । प्राथमिक बजारबाट केही अनुभव लिई दोस्रो बजारमा प्रवेश गर्दा राम्रो हन्छ । शेयरबजारमा लगानी गर्ने लगानीकर्ताहरु धेरैजसो प्राथमिक बजारमा मात्रै सीमित भइरहेका छन् भन्दा पनि फरक नहोला । प्राथमिक बजारका धेरैजसो लगानीकर्ताहरु दोस्रो बजारमा प्रवेश गरेको त्यति देखिँदैन । प्राथमिक बजारका लगानीकर्ताहरु लामो अवधिका लगानीकर्ता हुन्छन् र आफ्नो शेयरको उचित मूल्य पाएपछि शेयर बिक्री गर्ने गर्दछन् । अबको समयमा, अबको दिनमा प्राथमिक बजारका लगानीकर्ताहरु पनि दोस्रो बजारमा प्रवेश गर्नुपर्ने देखिन्छ ।

शेयरबजार चल्ने भनेको दोस्रो बजारले हो । त्यसो त प्राथमिक बजारमा जोखिम कम हुन्छ भने दोस्रो बजारमा जोखिम पनि हुन्छ । प्राथमिक बजारका लगानीकर्ताहरु लामो अवधिका हुने भएकोले त्यति घाटा बेहोर्न पर्दैन भने दोस्रो बजार मा भने कहिले घाटा पनि हुन्छ त कहिले नाफा । यस कारणले पनि प्राथमिक बजारमा लगानीकर्ताहरुको आकर्षण बढेको हो । प्राथमिक बजारका लगानीकर्ताहरु धेरैजसो साना लगानीकर्ताहरु नै हुन्छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मकवानपुरमा मनाइयो तमु ल्होसार



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ हेटौंडा-११ स्थित सहिद स्मारकमा शुभकामना आदान-प्रदानसँगै नाचगान गरेर मकवानपुरमा बसोबास गर्ने गुरुङ समुदायले आफ्नो विशेष पर्वको रुपमा तमु ल्होछार मनाएका छन् ।

तमु ह्युल छोंज धि ( गुरुङ राष्ट्रिय परिषद्) मकवानपुरले आयोजना गरेको कार्यक्रममा वक्ताहरुले तमु ल्होछारसहित जनजातिको विशेष पर्वको संरक्षण र प्रवर्द्धनका लागि तीनै तहको सरकारले विशेष ध्यान दिनुपर्ने बताएका छन् । हेटौंडा उपमहानगरपालिका-३ का वडाअध्यक्ष ढलकबहादुर थापाले संस्कृति जोगाउन यस्ता पर्वले महत्व दिने बताए । उनले आफ्नो भाषा, संस्कृतिसँगै ल्होछार जस्ता पर्वको मौलिकता जोगाउँन आदिवासी जनजाति गम्भीर हुनुपर्ने बेला भएको बताए ।

यसैगरी, गुरुङ राष्ट्रिय परिषदका केन्द्रीय सदस्य जंगबहादुर गुरुङले गणतान्त्रिक नेपालमा ल्होछारमा सार्वजनिक बिदा दिनु सकारात्मक भएपनि मौलिक संस्कृति संरक्षण गर्न सरकारले बजेट विनियोजन गर्नुपर्नेमा जोड दिए । मकवानपुर जिल्लामा बजेट बिनियोजन गर्ने क्रममा आदिवासी जनजातिलाई अन्याय गरेको उनको भनाइ थियो । उनले मकवानपुर जिल्लामा गुरुङ समुदाय सातौं स्थानमा रहेको बताउँदै मकवानपुरमा मात्रै १५ सय १८ जना हाराहारीमा गुरुङ समुदायको बसोबास रहेको बताए ।

गुरुङले आफ्नो संस्कृति जोगाउन सबै गुरुङ समुदाय एकजुट भएर लाग्न पनि आग्रह गरे । 'बागमती प्रदेश सरकारले तामाङ भाषा र नेवार भाषालाई सरकारी कामकाजी भाषाको रुपमा ल्याइएको छ । त्यसैगरी गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशमा गुरुङ र मगर भाषालाई सरकारी कामकाजी भाषाको रुपमा अघि सारेको छ,' उनले भने, 'यसैगरी सरकारले आदिवासी जनजातिको हितमा काम गर्दा संस्कृतिको जगेर्ना हुने देखिन्छ ।' कार्यक्रममा गुरुङ समुदायबाट विभिन्न क्षेत्रमा रहेर उल्लेख्य काम गर्नेलाई सम्मान गरेका थिए ।

सम्मानित हुनेमा शिक्षा विकास तथा समन्वय इकाई कार्यालय मकवानपुरका शाखाअधिकृत संगीता गुरुङ, त्रिभुवन विश्वविद्यालयबाट मानवशास्त्र विषयको दर्शनाचार्य परीक्षामा सर्वोत्तम श्रेणीमा उत्तीर्ण भई मकवानपुर तमु समुदायका पहिलो व्यक्ति हुने मनिराज गुरुङ, फिजियोथेरापी करियर पथका लेखिका रतिकुमारी गुरुङ, मेडिकल ब्यवसायी राजु गुरुङ, भू तथा जलाधार व्यस्थापन कार्यालय मकवानपुरका कार्यालय प्रमुख सृजना गुरुङ र नेपाल पत्रकार महासघ मकवानपुरका नवनिर्वाचित कार्यसमिति सदस्य निशा गुरुङलाइ सम्मान गरिएको थियो ।

कार्यक्रममा स्वर्गीय माधव गुरुङको नाममा स्थापित माधव गुरुङ अक्षयकोष-२०७५ बाट प्रदान गरिने छात्रवृत्तिमा मनहरी गाउँपालिका-८, की करिष्मा गुरुङ, थाहानगरपालिका-५, का सुदीप गुरुङ, थाहानगरपालिका-५, कै प्रेरणा गुरुङ, कैलाश गाउँपालिका-१, की विनुता गुरुङ र कैलाश-१, कै विना गुरुङलाई नगद ८ हजार ५ सय सहित छात्रवृत्ति प्रदान गरिएको थियो ।

गुरुङ राष्ट्रिय परिषद् मकवानपुरका अध्यक्ष केशरबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल तामाङ घेदुङ मकवापुरका अध्यक्ष कालू घलान, किरात राई यायोक्ख्या मकवानपुरका अध्यक्ष केबी राई, नेपाल मगर संघ मकवानपुरका अध्यक्ष सन्देश मगर, थारु कल्याणकारिणी सभा मकवानपुरका अध्यक्ष सचितानन्द थारु, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठलगायतको आतिथ्यता थियो । कार्यक्रममा गुरुङ पहिरनमा सजिएका गुरुङ युवायुवती, बालबालिकाले गुरुङ साँस्कृतिक नाच-गान प्रस्तुत गरेका थिए ।

# राक्सिराङको चैनपुरमा कृषि हाटबजार



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ राक्सिराङ गाउँपालिकाको केन्द्र चैनपुरमा सोमबार कृषि हाटबजार लागेको छ । हाटबजारमा चिउरीको मह, उसिनेको गिट्टा, भ्याकुर, स्थानीयवासीले बनाएको बाँसको डोको, गेडागुडीलगायतका कृषिजन्य वस्तु बिक्रीका लागि राखिएका छन् ।

राक्सिराङ गाउँपालिका-५ चैनपुरमा सञ्चालन गरिएको हाटबजारको बागमती प्रदेशको सहकारी तथा गरिबी निवारणमन्त्री मधुकुमार श्रेष्ठले चिउरीको बिरुवा रोपेर उद्घाटन गरे । श्रेष्ठले हाटबजारले गाँउमा उत्पादित वस्तुहरुले बजार पाउनुको साथै 'पत्रुखाना' बिक्री वितरण न्यूनीकरण हुने विश्वास व्यक्त गरे । राक्सिराङ गाउँपालिकाले २०७९ वैशाखदेखि गाउँपालिकाको केन्द्र चैनपुरमा पन्ध्र दिने हाटबजार बसाउँदै आएको छ ।

गाउँपालिकाले लामो समयपछि कृषि हाटबजार राखेको हो । केही महिनादेखि हाटबजारले निरन्तरता पाउन नसकेको र अब निरन्तरता दिने गरी हाटबजारको व्यवस्था गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । प्रत्येक महिनाको १ र १५ गते सञ्चालन हुने हाटबजारमा तामाङ, चेपाङ लगायत विभिन्न जातजातिको संस्कृति झल्किने कला प्रस्तुत गर्ने गरिएको अध्यक्ष मल्लले जानकारी दिए ।

सोमबारको हाटबजारमा सेल र फुरौला बिक्री गरेर सावित्री चेपाङले एक घण्टा भित्रमै ७ सय रुपैयाँ आम्दानी गरेकी छन् । एकैछिनमा हाटबजारमा कोदोको सेल र फापरको फुरौला बिक्री भएको उनी बताउँछिन् । घरमा सेल र फुरौला पकाएर उनले चैनपुरको हाटमा ल्याएको सुनाइन् । त्यही पैसाले सावित्रीले मकैको पिठो, तेल र नुन किनेर लगेको बताएकी छन् ।

हाटबजार उद्घाटन समारोहमा कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान, मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, संविधानसभा सदस्य गोविन्दराम चेपाङ, मकवानपुरका वरिष्ठ पत्रकार प्रताप विष्ट, मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका सभापति गणेशमान मानन्धरलगायतले शुभकामना व्यक्त गरे । कार्यक्रममा उपाध्यक्ष बनस्तम थिङले स्वागत मन्तव्य राखे ।

# बागमती प्रदेश लिगको सेमिफाइनल समिकरण पूरा





साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ हेटौंडामा जारी दोस्रो बागमती प्रदेश लिग फुटबल प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ । सोमबार भएको लिगचरणको अन्तिम खेल सकिएसँगै सेमिफाईनल समिकरण पूरा भएको हो ।

प्रतियोगितामा समूह 'ए' बाट पशुपति शिबाजी चित्लाङ एफसी, समूह 'बि' बाट ब्लु अल्पाईन क्लब सिन्धुली, समूह 'सी' बाट लक्की स्टार क्लब ललितपुर र समूह 'डी' बाट टाईगर टिम दोलखा सेमीफाईनल प्रबेश गर्न सफल भएका छन् । सोमबार भएको पहिलो खेलमा सिन्धुलिको ब्लु अल्पाईन क्लबले सिन्धुपाल्चोकको चौतारा स्पोर्टस क्लबलाई २-१ गोलको अन्तरले पराजित गरी समूह बि को बिजेताको रुपमा सेमिफाईनल प्रबेश गरेको हो ।

खेलमा सिन्धुलिका निर्दोश मुक्तान म्यान अफ द म्याच हुन सफल भए । यसैगरी दोस्रो खेलमा महत्वपूर्ण जित निकाल्दै ललितपुरको लक्की स्टार टिम सेमिफाईनलमा आफ्नो स्थान बनाउन सफल भएको छ । ललितपुरले धादिङको धुनिबेसी युथ क्लबलाई तिनका बिरुद्ध एक गोलले पराजित गर्दै सेमीफाईनलमा प्रबेश गरेको हो । खेलमा ललितपुरका सुदिप गुरुङ खेलको म्यान अफ द म्याच भए ।

बुधबारबाट सेमीफाइनलका खेल हुनेछन् । पहिलो सेमीफाईनल खेलमा सिन्धुली र दोलखाको बीचमा हुनेछ भने दोस्रो सेमीफाइनल खेल बिहिबार पशुपति शिवाजी चित्लाङ एफ सी र लक्की स्टारको बीचमा हुनेछ । अखिल नेपाल फुटबल संघ (एन्फा) को संयोजन तथा बागमती प्रदेश फुटबल संघको आयोजनामा जारी प्रतियोगिताको विजेताले उपाधिसहित नगद २ लाख हात पार्नेछ भने उपविजेताले १ लाख प्राप्त गर्नेछ ।

# उम्मेदवार रानाभाटको सञ्चारकर्मीसँग संवाद

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ मकवानपुर उद्योग वाणिज्य संघको आसन्न निर्वाचनको अध्यक्ष पदका उम्मेदवार प्रमोदसिंह रानाभाटले सोमबार मकवानपुरका सञ्चारकर्मीसँग संवाद गरेका छन् ।

रानाभाटले उद्योग वाणिज्य संघसँग जोडिएका र समग्र उद्योगी, व्यवसायीका विषयमा जानकारी लिँदै सञ्चारक्षेत्रको विषयमा पनि आवश्यक राय लिएका हुन् । नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्णसारु मगर, उपाध्यक्ष हरि हुमागाई, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी उपस्थित थिए ।

जिल्लामा कार्यरत सक्रिय सञ्चारकर्मीले अध्यक्ष पदका उम्मेदवार रानाभाटलाई चुनावी कार्यक्रमलाई भट्किलो, तटकभडक र रवाफशैलीमा नगर्न आग्रह गरेका थिए ।

सञ्चारकर्मीले चुनावमा मात्र नभई संघले अघिपछि पनि सञ्चारकर्मीलाई साथ सहयोग गर्नुपर्ने बताएका थिए । रानाभाटलाई चुनावी बेलाका घोषणापत्र कागजमा मात्र नभई कार्यान्वयन गर्नेगरि अघि बढ्न सुझाव दिएका थिए ।

जुनसुकै क्षेत्रका व्यवसायी र उद्योगीको हकहितका साथै समस्याको समाधानमा संघले साथ दिनुपर्ने जनाएका थिए । कार्यक्रममा रानाभाट प्यानलबाट विभिन्न पदमा उम्मेदवारी दिएका उम्मेदवारको उपस्थिति रहेको थियो । रानाभाटले छिट्टै टिम घोषणाका साथै प्रतिवद्धतापत्र सार्वजानिक गरिने बताए ।

# थाहाको ऐतिहासिक बाह्रवर्षे नाच थानकोटमा देखाइने

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ मकवानपुरको सांस्कृत नगरीको परिचय पाएको थाहा नगरपालिकामा देखाइँदै आएको महाभारत कथामा आधारित ऐतिहासिक बाह्रवर्षे नाच चन्द्रागिरि नगरपालिकामा पनि नचाइने भएको छ ।

थानकोटस्थित आदिनारायण भजन मण्डलको आयोजना तथा चन्द्रागिरि हाईकर्स कम्युनिटीको व्यवस्थापनमा पुस १९ गते शुक्रबार साँझ साढे ६ बजेबाट बाह्रवर्षे नाच प्रस्तुत हुने भएको हो ।

थाहा नगरपालिकास्थित चम्पाकेश्वर गोपाली सनातन संस्कृति संरक्षण समितिले तयार गरेको ऐतिहासिक महाभारत कथामा आधारित १२ वर्षे नाच देखाउने तयारी भइरहेको बताइएको छ । ऐतिहासिक १२ वर्षे नाचमा विभिन्न पौराणिक कथामा आधारित नाचहरु देखाउने गरिन्छ ।

विभिन्न देवीदेवताहरु गणेश, सातकन्या, सेतीदेवी, बज्रबाराही, पाँचकन्या, भैरव, चुनीशिकारी, महादेव पार्वती गंगालगायतका देवदेवीको भेषमा नाच्ने गरिन्छ । तानसेन र चन्द्रसेनको कथामा आधारित नाटक लोप हुनै लागेको अवस्थामा ऐतिहासिक अर्चुरो र बन्यो राजाको कथामा आधारित नाच देखाउने चलन रहेको थाहा नगरस्थित चम्पाकेश्वर गोपाली सनातन संस्कृति संरक्षण समितिले जानकारी दिएको छ ।

# नख्खु करिडोरमा अत्यधिक धुलो र गन्ध

ललितपुर, १५ पुस/ ललितपुरको नख्खु करिडोर क्षेत्रमा अत्यधिक धुलो र गन्धका कारण स्थानीयले सास्ती बेहोर्नु परेको छ । असोज १२ गते शनिबार नख्खु खोलामा आएको बाढीका कारण करिडोर भत्किएपछि धुलोको समस्या बढेको हो । नख्खु करिडोरको धुलो र खोलाबाट निस्केको गन्धले बस्तीलाई नै असर गरेको स्थानीयको दुखेसो छ ।

बाढीका कारण नख्खु खोला किनारामा थुप्रिएको धुलो उडेर बस्तीमा पुगेको र धुलो र गन्धले असर गरेको ललितपुर महानगरपालिका-४ का स्थानीय मिलन यसमाली मगरले दुखेसो पोखे । 'दिउँसो हावा चलेको बेला धुलोसँगै खोलाको गन्ध बस्तीमा पस्छ । जाडो समयमा यति धेरै धुलो र गन्धको समस्या छ पछि गर्मी सुरु भए झन् गाह्रो हुने सम्भावना छ,' उनले भने । बाढीले क्षति पुर्‍याएको क्षेत्रमा खानेपानी, यातायात र विद्युत्को समस्या हल गरिसकेको र अन्य समस्याहरूको समाधान गर्न ललितपुर महानगरपालिकाले पहल गरिरहेको ललितपुर महानगरपालिका-१३ का वडाअध्यक्ष गणेश केसीको भनाइ छ ।

# सिटी कलेजमा रक्तदान, २४ जनाले दिए रगत



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ गुणस्तरीय शिक्षाका लागि पहिचान बनाउँदै आएको हेटौंडा सिटी कलेज सामाजिक परोपकारको क्षेत्रमा पनि सक्रिय देखिएको छ । कलेजले रक्तदान कार्यक्रमको आयोजना गर्दै सामाजिक कार्यको पनि प्रतिनिधित्व जनाउँदै आएको हो ।

हेटौंडा उपमहानगरपालिका-५ पिप्लेमा रहेको हेटौंडा सिटी कलेजले आइतबार रक्तदान कार्यक्रमको आयोजना गरेको हो । रक्तदान कार्यक्रममा २४ जनाले र गत दिएको कलेजका प्रशासन प्रमुख सुमान्त सिलवालले जानकारी दिए ।

रक्तसञ्चार केन्द्र (ब्लड बैंक)को प्राविधिक सहयोगमा भएको रक्तदानमा कलेजका विद्यार्थी, प्राध्यापक र कर्मचारी सहभागी भएको सिलवालले बताए । कलेजले हरेक हप्ता स्वास्थ्य कार्यक्रम गर्दै आएकोमा यसअघि दन्त शिविरको आयोजना गरिएको प्रशासन प्रमुख सिलवालले जानकारी दिए ।

# बकैया कपको छैठौं संस्करण पुस अन्तिमबाट

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/बकैया कप फुटबल प्रतियोगिताको छैठौं संस्करण पुस अन्तिमबाट आयोजनाको तयारी गरिएको छ । बकैया गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा २४ पुसबाट प्रतियोगिता सुरु हुनेछ ।

समिति संयोजक विजय लामा थिङले बकैया-३ स्थित हात्तीसुँडे खेलमैदानमा हुने प्रतियोगितामा सिनियर टिम तथा जुनियर टिमको फरक-फरक प्रतिस्पर्धा हुने जानकारी दिए ।

सिनियर टिममा वडा नम्बर ३, ४, ५, ६, ७, ८, ९ र १० गरी ८ टिम सहभागि हुनेछन् भने जुनियरतर्फ वडा नम्बर १, २, ११, र १२ गरी ४ टिम रहनेछन् । यस वर्ष जुनियर टिमबाट विजेता हुने टिम आगामी वर्ष सिनियर टिममा बढुवा हुनेछ भने सिनियर टिमको अन्तिम टिम घटुवा हुने संयोजक लामाले बताए ।

माघ १ गतेसम्म सञ्चालन हुने प्रतियोगिता नकआउट चरणमा खेलाइने जनाएको छ । प्रतियोगितामा सिनियरतर्फको विजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

जुनियरतर्फको विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# मनहरीमा बाघले मार्‍यो बाख्रा, समाउन हात्तीसहितको टोली परिचालन



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-५ बसन्तपुरमा बाघ आतंक रोकिएको छैन । आइतबार एक महिलाको ज्यान लिएको बाघले सोमबार बिहान ७ वटा बाख्रो खाएको छ ।

मनहरीको डिल्लीपुर, बसन्तपुर क्षेत्र बाघको आतंकले त्रसित बनेको छ । सोमबार बिहान बाघले बसन्तपुरका सूर्यबहादुर मोक्तानको खोरमा पसेर ७ वटा बाख्रा मारेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । बाघले एउटा बाख्रा लिएर जंगल पसेको खबर प्राप्त भएको प्रहरीले जनाएको छ ।

मनहरी-५ बसन्तपुर गुम्बाटोलमा बाघको आक्रमणबाट धनबहादुर रुम्बाकी श्रीमती ७२ वर्षीया कान्छीमाया रुम्बा मृत अवस्थामा आइतबार राति करिब ९ बजे घर नजिकैको बारीमा भेटिएकी थिइन् । मृतक रुम्बा घर नजिकै बारीमा घाँस काट्न गएकोमा अबेरसम्म नफर्किएपछि खोजी भएको थियो । घरबाट करिब ५०० मिटर पूर्वतर्फ रहेको बारीमा शरीरमा चोट लागेको मृतअवस्थामा फेला परेको प्रहरी निरीक्षक ठाकुरप्रसाद सापकोटाले जानकारी दिए ।

बाघलाई नियन्त्रणमा लिन पर्सा राष्ट्रिय निकुञ्जबाट २ वटा हात्ती र नेपाली सेनाका मेजर ढलकबहादुर मोक्तान तथा चितवन राष्ट्रिय निकुञ्जबाट समेत टोली खटिएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । बाघले आइतबार नै महिलाको ज्यान लिए पनि निकुञ्जले नियन्त्रणमा लिन ढिलोगरी चासो देखाएको भन्दै मनहरीका स्थानीय आक्रोशित बनेका छन् ।

मनहरीमा ४ महिनाअघि मात्रै भैंसीले बाघ मारेको थियो । गत ५ भदौमा मनहरी गाउँपालिका-६ प्रतापुरका बलबहादुर राईको गोठमा बाँधेको भैंसीलाई आक्रमण गर्ने क्रममा उल्टै भैंसीले प्रतिकार गर्दा बाघ मरेको प्रहरीको घटना मुचुल्का र चितवन राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीको रिपोर्टले दाबी गरेको थियो ।

# अवस्था परिवर्तनको आन्दोलनमा अग्रसर हुन जरुरी: मन्त्री काफ्ले




साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले मुलुकमा अवस्था परिवर्तनको आन्दोलनमा अग्रसर हुन जरुरी रहेको धारणा राखेका छन् ।

बिपी विचार समाज मकवानपुरले सोमबार ४९औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवस २०८१ को अवसरमा हेटौंडामा आयोजना गरेको विचार गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री काफ्लेले राजनीतिक परिवर्तनसँगै अहिलेको मुद्दा अवस्था परिवर्तनको पनि रहेको बताए । उनले अवस्था परिवर्तनको आन्दोलनलाई दबाउन खोजे देश निर्माण हुन नसक्ने बताए । वर्तमान व्यवस्थालाई बलियो बनाउन जनतालाई सही सूचना दिनुपर्ने उनको भनाई छ ।

मन्त्री काफ्लेले समाज रुपान्तरणको लागि राजनीतिक नेतृत्वले स्पष्ट रुपमा नागरिकको माझमा जान जरुरी रहेको बताए । सहीलाई सही र गलतलाई गलत भन्नुपर्ने नेतृत्वले कमजोरी गर्न नहुने उनले बताए । राष्ट्रिय स्वतन्त्र पार्टीतर्फ लक्षित गर्दै उनले नयाँ राजनीतिक दलको उदय सामान्य भएपनि ती दलहरुले जनतामा गलत भ्रम फैलाएको आरोप लगाए । मन्त्री काफ्लेले राजनीतिक दलप्रति जनताको आक्रोश र निराश स्वभाविक भएको बताए ।

निर्वाचनको बेला सबै राजनीतिक दलले चुनावी घोषणापत्रमा शिक्षा, स्वास्थ्य निःशुल्क एजेण्डा बोकेपनि व्यवहारमा लागु गर्न नसकेकै कारण जनताको असन्तुष्टि बढेको उनको भनाई छ । उनले राज्यको सबै क्षेत्रमा जनताको समान पहुँच हुने गरी निर्वाचित जनप्रतिनिधिले काम गर्नुपर्नेमा जोड दिए । बिपी विचार समाज मकवानपुरका अध्यक्ष विनोदचन्द्र कोइरालाको सभाध्यक्षतामा भएको कार्यक्रममा वक्ताहरुले बिपीले नेपालको राजनीति र साहित्य क्षेत्रमा खेलेको भूमिकाको चर्चा गरेका छन् ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना